लेखापरीक्षण प्रतिवेदन

रघुगंगा गाउँपालिका, म्याग्दी

आर्थिक वर्ष २०८०/८१



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

रघुगंगा गाउँपालिका, म्याग्दी

आर्थिक वर्ष २०८०/८१

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता
(CORE VALUES)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश

काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/604

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
रघुगंगा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
म्याग्दी।

कैफियतसहितको राय

हामीले गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१.गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष ब्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत प्रतिवेदन (म.ले.प.फा.नं २७०) मा अन्तरसरकारी हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.११ करोड ५३ लाख ७३ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.११ लाख ४० हजार, गरिव सँग विशेश्वर कार्यक्रमको रु.४ लाख १० हजार, राष्टपति महिला परियोजना कार्यक्रमको रु. १० लाख ८९ हजार समेत जम्मा रु ११ करोड ८० लाख१३ हजार तथा संघिय राजश्व रु.२ लाख ३५ हजार सुत्रमा समावेश गरेको छैन ।

२.गाउँपालिकाको रु.१ अर्ब ३ करोड ४१ लाख ४७ हजार लेखापरीक्षण गरिएकोमा रू. २२ लाख ५६ हजार बेरुजू देखिएको छ। ऐनको म्यादभित्र गाउँपालिकावाट प्रतिकृयाको लागि म्याद थप आग्रह नगरेकोले संपरीक्षण हुन सकेन ।यस वर्षको बाँकी बेरुजु रु.२२ लाख ५६ हजार मध्ये असुल गर्नुपर्ने रू १ लाख ८६ हजार , प्रमाण कागजात पेस गर्नुपर्ने रू.४ लाख ८० हजार, नियमित गर्नुपर्ने रु.९० हजार र पेस्की बाँकी रु.१५ लाख रहेको छ। गत वर्षसम्म रु.५ करोड ४१ लाख १८ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.४ करोड ४६ लाख ९८ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको ब्यहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८,१४,१७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने रघुगंगा गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

अन्य ब्यहोरा:

गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी यस पालिका व्यवस्थापनमा रहेको छ।गाउँकार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(राजेन्द्र राज ओझा)

नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्यौंट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या			दफा संख्या				दफा संख्या									
सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम		सैद्धान्तिक	लगती	रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
८५	६	२२,५६,९८५	०	०	०	०	८५	६	२२,५६,९८५	१,८६,४९५	९०,४९०	४,८०,०००	०	०	५,७०,४९०	१५,००,०००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	या वर्ष फस्यौंट	बाँकी बेरुजु	या वर्ष सम्परीक्षणबाट कायम बेरुजु	या वर्षका बेरुजु	कुल बेरुजु बाँकी
म्याग्दी	५,४१,१८,०००	०	१,१६,७६,६३२	४,२४,४१,३६८	०	२२,५६,९८५	४,४६,९८,३५३

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०७७/७८	४२	सोझैं खरिद	२१,२०,६९६
२	२०७७/७८	५३	सम्बन्धित खर्च शीर्षकबाट खर्च गर्नुपर्ने	४७,३४७
३	२०७८/७९	५४.२	नापी बेगर र बढी भूक्तानी	२६,८१,४५१
४	२०७८/७९	४५	कार्य स्वीकार प्रतिवेदन	११,८७,०००
५	२०७८/७९	६९	अघिल्लो आ.व.को भुक्तानी	४७,६८५
६	२०७९/८०	२६	सटर भाडा	२,६२,९००
७	२०७९/८०	१३	फछ्योट गर्न बाँकी पेश्की	२६,०७,५००
८	२०७९/८०	२३	कर्मचारी काज	५,४८,३०४
९	२०७९/८०	३०.३	आन्तरिक लेखा परिक्षण तर्फ	१२,७२,४९९
१०	२०७९/८०	२८	स्थानिय एजेन्ट मार्फत विमा	९,०१,२५०
			जम्मा	१,१६,७६,६३२

(८०४४४५०५३०० - रघुगंगा गाउँपालिका, म्याग्दी)

परिचय

१ **परिचयः**

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा वडा संख्या ८ वटा, सभा सदस्य संख्या ४२ जना, क्षेत्रफल ३७९.१३ वर्ग किलोमिटर तथा २०७८ सालको जनगणनाअनुसार कुल जनसंख्या १४ हजार ११४ जना रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवम् प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाहलगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।०५।११ देखि २०८१।०६।०४ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनोट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्बनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुखलगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनोट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवम् सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवम् स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरू सीमाको रूपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको आय – व्ययतर्फ रू. १,०३,४१,४७,०००।- को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरू :- लेखापरीक्षण योजनाअनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रू. १,४७,२८९.०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

क्र.सं.	विवरण	रकम रू.
१	टिका बहादुर शाहिबाट बढी भ्रमण खर्च रकम असुल	६४००
२	बीर बहादुर ओलीबाट बढी भ्रमण खर्च रकम असुली	८१००
३	शिक्षकको बढी तलब	४३६८९
४	अमर मा.वि. दिवा खाजा बढी भुक्तानी असुली	५४००
५	रघुगंगा मा.वि. दिवा खाजा बढी भुक्तानी असुली	२१६००
६	मुक्तिधाम मा.वि. दिवा खाजा बढी भुक्तानी असुली	१३५००
७	अन्नपूर्ण आ.वि.दिवा खाजा बढी भुक्तानी असुली	४८६००
	जम्मा रू.	१,४७,२८९.००

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ बमोजिम स्थानीय सञ्चित कोषको व्यवस्था रहेको, दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरेबमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षकसम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भएबमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाको सूत्रबाट प्राप्त भएको म.ले.प.फा.नं २७०-१ प्राप्ति र को एकीकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) देहायबमोजिम रहेको छः

(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३ **वित्तीय विवरणको यथार्थता**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको आधार एवम् ढाँचा र पद्धतिमा एकरूपता कायम गर्न विद्युतीय सफ्टवेयर स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सूत्र- SuTRA) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सूत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवदेन तयार गर्ने तथा सोही प्रणालीबाट स्थानीय सरकारको म.ले.प.फा.नं. २७०-१ प्राप्ति र को एकीकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रू. ११,५३,७३,९४०.६६, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रू. ११,४०,०००.००, गरिबसँग विशेश्वर कार्यक्रमको रू. ४,१०,३५५.०० र राष्ट्रपति महिला परियोजनाको रू. १०,८९,६७०.०० समेत गरी रू. ११,८०,१३,९६५.६६ सूत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सूत्रबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । साथै, उपरोक्त बमोजिम सूत्रबाहिर कोष तथा लेखा नियन्त्रक कार्यालयको आन्तरिक लेखापरीक्षण प्रतिवेदनअनुसार संघीय राजस्व रू. २,३५,८९४.३३ लाई समेत सूत्र प्रणालीमा आबद्ध गरिएको छैन । तसर्थ, सबै आर्थिक कारोबार सूत्रमार्फत् हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

४ **फरक हिसाब**

यस पालिकाले सूत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र को एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार यस वर्षको प्राप्ति रू. १२,९५,६७,४२३.८२, यस वर्षको रू. १२,९४,८८,९२३.८२ र

बैङ्क मौज्दात रू. ७८,५००.०० फरक परेको छ । पालिकाको आफ्नो सम्पूर्ण आर्थिक कारोबारहरूलाई सूत्रमा समाविष्ट गरी सूत्रबाट तयार हुने म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	**गत वर्षको जिम्मेवारी**	**यस वर्षको प्राप्ति**	**यस वर्षको**	**बैङ्क मौज्दात**
सूत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०)	७,६५,५४,९३८.५९	३८,२०,५२,९५०.१०	३९,३०,३६,९४५.७९	६,५५,७०,९४२.९०
एकीकृत आर्थिक विवरणअनुसार	७,६५,५४,९३८.५९	५१,१६,२०,३७३.९२	५२,२५,२५,८६९.६१	६,५६,४९,४४२.९०
फरक	०.००	१२,९५,६७,४२३.८२	१२,९४,८८,९२३.८२	७८,५००.००

उपरोक्त विवरणअनुसार सूत्रको वार्षिक प्रतिवेदन र पालिकाले तयार गरेको एकीकृत आर्थिक विवरणमा प्राप्ति र मा फरक पर्नुमा संघबाट प्राप्त हुने सामाजिक सुरक्षा तथा संरक्षण, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम, गरिबसँग विश्वेश्वर कार्यक्रम र राष्ट्रपति महिला परियोजना लगायतको अभिलेख सूत्रमा समावेश नभएको प्रतिक्रिया दिएको छ । त्यस्तै, सूत्रको प्राप्ति र को एकीकृत वार्षिक प्रतिवेदनको वर्षान्तको बाँकी रकम र टिप्पणी ६.२ नगद र बैङ्क मौज्दातमा रू. ६,५५,७०,९४२.९० देखिएको छ भने बैङ्कअनुसार मौज्दात बाँकी रू. ६,५६,४९,४४२.९० रहेको छ । सूत्रको टिप्पणी ६.२ नगद र बैङ्क मौज्दातको रकमभन्दा बैङ्क मौज्दात रकममा रू. ७८,५००.०० बढी देखिएको छ । धरौटीको बाँकी मौज्दात रकम बढी देखिएको हुँदा बाँकी मौज्दात रकममा फरक पर्न गएको पालिकाको प्रतिक्रिया रहेको छ । यससम्बन्धमा सम्बन्धित पालिकाले यकिन गरी सूत्रको प्राप्ति हिसाबअनुसार बैङ्क तथा नगद बाँकी विवरणलाई मिलान गर्नुपर्दछ ।

५ **बैङ्क हिसाब विवरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडानसमेत गर्नुपर्दछ । पालिकाले सूत्रमा बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात फरक परेको र म.ले.प.फा.नं. २७० को टिप्पणी ६.२ नगद र बैङ्क मौज्दातमा देहाय बमोजिमको विवरण रहेको देखिन्छ:

खाता	स्रेस्ता अनुसार मौज्दात रू.	बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रू.	फरक रू.
ग४.१, स्थानीय तह सञ्चित कोषखाता	३,४४,०१,२१९.८३	३,४४,०१,२१९.८३	०.००
ग२.२, चालू खर्च खाता- विजोर वर्ष	०.००	०.००	०.००
ग२.४, पूँजीगत खर्च खाता- विजोर वर्ष	०.००	०.००	०.००
ग२.७, विविध खर्च खाता	१,०६,०१,५३९.३८	१,०६,०१,५३९.३८	०.००
ग३.१, स्थानीय तह धरौटी खाता	३७,७०,३५२.९१	३८,४८,८५२.९१	७८,५००.००
ग१.१, आन्तरिक राजस्व खाता	०.००	०.००	०.००
ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता	०.००	०.००	०.००
ग५.१, स्थानीय तह विविध कोष खाता	१,१३,८५,५४०.२२	१,१३,८५,५४०.२२	०.००
ग१.३, आन्तरिक अनुदान खाता	०.००	०.००	०.००
ग७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	५४,१२,२९०.५६	५४,१२,२९०.५६	०.००
जम्मा रू.	६,५५,७०,९४२.९०	६,५६,४९,४४२.९०	७८,५००.००

उपरोक्त विवरणअनुसार स्थानीय तह धरौटी खातामा स्रेस्ताभन्दा बैङ्कमा रू. ७८,५००.०० बढी रकम रहेकोले पालिकाले उक्त रकम सूत्रमा आम्दानी बाँधी कानुनबमोजिम हिसाब मिलान गर्नुपर्दछ ।

६ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्त्यमा स्थानीय तहको सञ्चित कोषमा स्वतः रकम स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले तोकिएको अवधिमा नै चालु खर्च खाता, पूँजीगत खर्च खाता, आन्तरिक राजस्व खाता, राजस्व बाँडफाँड खातामा खर्च भई बाँकी मौज्दात रकम सञ्चित कोष खाता स्थानान्तरण गरी उक्त खाताहरूको मौज्दात शून्य गरेको पाइयो ।

७ **अनुदान रकम फिर्ता**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ (१) तथा गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ४० (१) बमोजिम संघीय वा प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकमध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई जुनसुकै खातामा बाँकी रहेको ससर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्बन्धित स्थानीय तहले संघीय वा प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाको सूत्रबाट प्राप्त प्रतिवेदनअनुसार २०८१ असार मसान्तभित्र खर्च भई बाँकी रहेको संघ तथा प्रदेशतर्फ देहायबमोजिमको अनुदान रकम संघीय तथा प्रदेश सञ्चित कोषमा फिर्ता गरेको देखिन्छ ।

सि.नं.	अनुदानको शीर्षक	फिर्ता गर्नुपर्ने रकम रू.	फिर्ता गरेको रकम रू.	फिर्ता गर्न बाँकी रकम रू.
१	संघ ससर्त चालु/ पूँजीगत/ विशेष/ समपुरक अनुदान	२,२४,७७,२८०.६२	२,२४,७७,२८०.६२	बाँकी नभएको
२	प्रदेश ससर्त चालु/ पूँजीगत/ समपुरक अनुदान	०.००	०.००	बाँकी नभएको

८ **आन्तरिक लेखापरीक्षण**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिनाभित्र आन्तरिक लेखापरीक्षण गराउनुपर्ने र आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनुपर्ने व्यवस्था उल्लेख छ । पालिकाको सांगठनिक संरचनाअनुसार आन्तरिक लेखापरीक्षकको दरबन्दीमा रहेको आन्तरिक लेखापरीक्षक कुशल ढुङ्गाना मिति २०८०।१०।२५ सम्म कार्यरत रहेको र त्यसपछि बेनी नगरपालिका, म्याग्दीमा सरुवा भई गएको हाजिर अभिलेखबाट देखिन्छ । हाल उक्त खाली दरबन्दीमा पदपूर्ति भएको छैन । आन्तरिक लेखापरीक्षक २०८० माघसम्म हाजिर भएतापनि पालिकाको आर्थिक वर्ष २०८०।८१ को अवधिभर कुनै पनि आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण भएको छैन । पालिकाले दरबन्दीअनुसार आन्तरिक लेखापरीक्षकको पदपूर्ति यथाशक्य चाडौँ गरी आन्तरिक लेखापरीक्षण गर्ने गराउनुपर्दछ ।

९ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ तथा प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३० को उपदफा १ मा प्रदेशका सबै सरकारी कार्यालयले आफ्नो र अन्तर्गतका कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको पाइएन । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुने सक्ने अवस्था छैन । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरू देहायवमोजिम रहेका छन्-

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा उल्लेख भएको पालिकाको अधिकार क्षेत्रअनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेखाङ्कन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाइएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा १३ वमोजिम आर्थिक वर्ष सुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नुपर्नेमा तोकेको पाइएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा केही कानुन तर्जुमा गरेतापनि ऐनले प्रदान गरेको अधिकार कार्यान्वयनमा लागि आवश्यक सबै कानुनहरू तर्जुमा गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन ।
- पालिकाले उपभोक्ता समितिसँग योजना कार्यान्वयन गर्दा सम्झौताको एक तिहाईसम्म जमानतबिना पेस्की दिने गरेकोमा पेस्की जोखिम हुन सक्ने देखिएकोले पेस्की दिने कार्यलाई नियन्त्रण गर्नुपर्दछ ।
- पालिकामा सञ्चालित योजनाको नापी किताब तयार गरी छुट्टै राख्नुपर्नेमा सालबसाली रूपमा भौचरको साथ राख्ने गरेको हुँदा अर्को पटक उक्त नापी किताब प्रयोगमा ल्याउन नसकिने र योजना दोहोरो हुन सक्ने जोखिम रहेकोले सुधार हुनुपर्दछ ।
- पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।
- पालिकाले राखेको भ्रमण बिलभरपाईमध्ये केहीमा लेखा र कार्यालय प्रमुखले प्रमाणित गरेको छैन ।
- पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरू पहिचान गरी सो को निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।
- सञ्चालित योजनाको सूचनापाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादनलगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवालासहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्र मात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था रहेकोले यसमा सुधार हुनुपर्दछ ।
- ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मितिलगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।
- पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत् कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता तयार गरी राखेको छैन । पालिकाले वर्षभरी सञ्चालन गरेको कार्यक्रम योजनाको करायान्वयन र सेवा प्रवाहको वार्षिक प्रगति प्रतिवेदन तयार गरेको पाइएन ।
- पालिकाले योजना तथा कार्यक्रममा कन्टिन्जेन्सी रकम कट्टा गर्ने गरेको भएतापनि कन्टिन्जेन्सी खाता र कार्यविधि रहेको छैन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मासहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाइएन ।
- पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकाससम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाम मात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको हुँदा सुधार हुनुपर्दछ ।
- पालिकाभित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने नियमित अनुगमन गरेको देखिने अभिलेख राखेको छैन ।
- पालिकाबाट यस वर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाहसमेतको वार्षिक कार्यक्रमअनुसारको प्रगति तयार गरेको पाइएन ।
- स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजनाको बैङ्क तयार गरेको देखिएन ।
- दिगो विकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरू तोकी मूल्याङ्कन गर्ने कार्य भएको देखिएन ।
- पालिकाले योजनाको लागत अनुमान तयार गर्दा डोलिडारको नर्म्सअनुसार लागत अनुमान तयार गर्ने गरेको र मेशिन प्रयोग हुने अवस्थामा समेत म्यानुअलको नर्म्स प्रयोग गर्दा बढी लागत अनुमान तयार हुने र समेत हुने गरेको हुँदा यसमा सुधार हुनुपर्दछ ।
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको र वडा कार्यालयमा रहेका जिन्सी सामानसहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाइएन ।
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सबन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा गाउँपालिकाको नाममा रहेको

पेस्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेस्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साविकका कार्यालयको बेरुजूको लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले यकिन गरी अध्यावधिक गरेको छैन ।

- जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मर्मत सम्भार गर्नुपर्ने मालसामानको समयमा मर्मत सम्भार गर्नेतर्फ ध्यान दिनुपर्दछ ।
- पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वियन पुस्तिकामा उल्लेख भए अनुसार शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान)गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरूलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वियन गरेको पाइएन ।
- संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरणलगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन र संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको तथ्याङ्क (IEMIS) अद्यावधिक गरेको छैन ।
- पालिकाले आयोजना तथा कार्यक्रम छनोट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागितासहितका लागत अनुमान तयार गरेको देखिएन ।
- खरिद कानुनमा खरिदमा प्रतिस्पर्धा सिमित हुने गरी खरिद कार्य गर्नु नहुने कुरा उल्लेख गरेकोमा सो को पालना गरेको देखिएन ।
- वातावरणको संरक्षणको एकीकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । सहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान गरेको भएतापनि सो को कार्ययोजना तयार गरी कार्यान्वियन गरेको पाइएन ।

पालिकाको विगत वर्षहरूमा आन्तरिक नियन्त्रण प्रणालीसम्बन्धमा औंल्याइएका व्यहोरामध्ये केही सुधार समेत गरेको पाइयो भने सुधार हुन बाँकी कार्यहरू समेत आगामी दिनमा सुधार गर्नेतर्फ ध्यान दिनुपर्दछ । साथै, आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

१० जिन्सी व्यवस्थापन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद १० मा सम्पत्तिको जिन्सी लगत र संरक्षणसम्बन्धी व्यवस्था रहेको छ । यसमा आर्थिक वर्ष २०८०।८१ को जिन्सी व्यवस्थापन परीक्षणमा देहायका व्यहोराहरू देहायबमोजिम रहेका छन्-

- पालिकाले एकै किसिमको मालसामानको गत वर्षको खपत परिमाण र चालु वर्षको खरिद भएको मालसामानको तुलनात्मक विवरण तयार गरेको छैन ।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९(४) अनुसार कार्यालय प्रमुखले जिन्सी निरीक्षण प्रतिवेदनमा मर्मत गर्नुपर्ने सामानको लागि प्रतिवेदन प्राप्त भएपछि तीन महिना भित्र कारवाहीको प्रकृया अगाडि बढाउनुपर्ने व्यवस्था भएपनि प्रतिवेदनमा मर्मत गर्न सिफारिस भएका मालसामानको मर्मत प्रकृया अगाडि बढाएको छैन तर नयाँ सामान खरिद गर्ने कार्य भने भइरहेकोले खर्चमा मितव्ययिता अपनाउने गरी मर्मत गरी प्रयोग गर्ने व्यवस्था मिलाउनुपर्दछ ।
- लिलामको कारबाही आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०६ (१) अनुसार कार्यालय प्रमुखले जिन्सी निरीक्षण प्रतिवेदनमा लिलाम बिक्री गर्नुपर्ने सामानको लागि प्रतिवेदन प्राप्त भएको एक महिनाभित्र कारबाहीको प्रक्रिया अगाडी बढाउनुपर्ने व्यवस्था गरेकोमा प्रतिवेदनमा उल्लेखित लिलाम गर्न सिफारिस भएतापनि सो को कारबाही लेखापरीक्षण अवधिसम्म सुरु भएको नदेखिएकोले यसबाट सरकारी राजस्वमा दिन प्रति दिन ह्रास आईरहेकोले नियमको पालनाको हुनुपर्दछ ।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०७, ११० र १११ मा लिलाम, नष्ट र मिनाहासम्बन्धी व्यवस्था रहेकोमा पालिकाले सो अनुसार कारबाही गरेको देखिएन ।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०२ अनुसार कार्यालय बसेको तथा अन्तर्गतको सरकारी घर जग्गाको लगत महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था गरेतापनि सोअनुसारको लगत अध्यावधिक नगरेको र सो को जानकारी तोकिएका निकायमा दिएको नदेखिएकोले कानुनको पालना पूर्णरूपमा गर्नुपर्दछ ।

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०३ मा कुनै कर्मचारी सरुवा, बढुवा वा अवकाश वा अध्ययन बिदा वा असाधारण बिदाजस्ता लामो बिदामा बस्दा वा अन्य कुनै कारणले आफू कार्यरत कार्यालय छोडी जाँदा वा सो कामबाट अलग हुँदा आफ्नो जिम्मामा रहेको नगद, जिन्सी मालसामान, वित्तीय कारोबारको स्रेस्ता तथा सार्वजनिक खरिदसँग सम्बन्धित कागजात र अन्य सरकारी कागजात, बेरुजु लगत तथा विद्युतीय प्रणाली सञ्चालनसँग सम्बन्धित पासवर्ड वा सोर्सकोड, लाइसेन्सल र अन्य सङ्केतजस्ता सरकारी सम्पत्ति वा स्रेस्ता हालवालालाई वा हालवाला नभएमा कार्यालय प्रमुखले तोकेको कर्मचारीलाई बरबुझारथ गर्नुपर्ने उल्लेख छ र नियम १०४ मा अनुसूची १८ बमोजिमको ढाँचामा बरबुझारथको प्रमाणपत्र नभई हालको कार्यालयमा हाजिर हुन नदिने व्यवस्था छ । पालिकामा सरुवा भई गएका तथा करार अवधि सकिएका कर्मचारीहरूले तोकिएको ढाँचामा बरबुझारथ गर्ने गर्नुपर्दछ ।

अतः सम्बन्धितलाई जिम्मेवार बनाई नियमानुसार बरबुझारथ गर्न लगाई व्यवस्थित अभिलेख राख्नुपर्दछ ।

११ आवधिक योजना

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । पालिकाले २०७६ सालमा पाँच वर्षे (आ.व. २०७६/७७-२०८०/८१) प्रथम आवधिक योजना तयार गरेको र उक्त योजनाको अवधि यस आर्थिक वर्षमा समाप्त भएको छ । पालिकाले आवधिक योजना तयार गरेको भएतापनि वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यको कार्यान्वयन हुने गरी वार्षिक बजेट तथा कार्यक्रम तयार नगरी सालवसाली विषयहरूलाई समावेश गरेको देखिन्छ । प्रथम आवधिक योजनाको अवधि समाप्त भएपनि पालिकाले योजनाले लिएको सोच, लक्ष्य, उद्देश्य र नतिजा प्राप्त भए नभएको सम्बन्धमा समीक्षा गरेको छैन । यो वर्ष पालिकालेसस्टेनेवल रिसर्च डेभलपमेन्ट एण्ड म्यानेजमेन्ट कन्सल्ट प्रा. लि., कास्कीबाट रू. १४,२०,३२०.०० खर्च गरी पञ्चवर्षिय आवधिक योजना (२०८१/८२-०८५/८६) तयार गरेको छ । आगामी दिनमा पालिकाले प्रथम आवधिक योजनाको समिक्षा गर्ने तथा स्थानीय तहको समग्र विकासका लागि तर्जुमा भएको दोस्रो आवधिक योजनाको सोच, लक्ष्य र उद्देश्यअनुरूप वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरी सोको कार्यान्वयन गर्न प्रभावकारी अनुगमन तथा समीक्षा गर्नुपर्दछ ।

१२ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोतअन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले वि.सं. २०७५ सालमा गाउँपालिकाको वस्तुगत विवरण तयार गरेकोबाहेक स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन र सो को मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको वा अद्यावधिक गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सो को सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

१३ योजनाको प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनोट गर्नुपर्ने व्यवस्था छ । पालिकाको सूत्रबाट प्राप्त विवरणअनुसार आर्थिक वर्ष २०८०/८१ मा देहायबमोजिम ८ वडाको लागि वडास्तर र पालिकास्तर गरी कुल ११६ योजनामा वजेट विनियोजन गरेको छ ।

क्र. सं.	कार्यक्रमको नाम	योजना संख्या	रू.२० लाख माथिका योजना संख्या	रू.५ लाखदेखि २० लाखसम्मका योजना संख्या	रू.५ लाखभन्दा कमका योजना संख्या	योजना कार्यान्वियन नभएको संख्या
१	पालिका स्तरीय	५२	८	१७	२७	४
२	वडा स्तरीय	६४	५	२१	३८	३
	जम्मा	११६	१३	३८	६५	७

उपर्युक्त विवरणअनुसार पालिकाले कुल योजनामध्ये ५६.०३ प्रतिशत योजना पाँच लाखभन्दा साना र वितरणमुखी योजनाहरू सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनुका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पूर्वाधार विकास क्षेत्रका लागि पारित गरेका उल्लेखित योजनामध्ये पालिकाबाट १०९ वटा योजना कार्यान्वियन भई ७ वटा योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनोट गरी वितरणमुखी योजनालाई न्युनीकरण गर्ने र सो को प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

१४ स्रोत अनुमान समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न अध्यक्षको संयोजकत्वमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्नेजस्ता कार्यहरू प्रत्येक वर्षको वैशाख दश गतेभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रत्येक वर्षको वैशाख पन्ध्र गतेभित्र प्रमुख प्रशासकीय अधिकृतले पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । पालिकाले अध्यक्षको संयोजकत्वमा समितिको गठन भएको भएपनि ऐनमा व्यवस्था भएअनुसार स्रोत अनुमान तथा बजेट सीमा निर्धारणसम्बन्धी कार्य गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपणसम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवम् सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

१५ बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट निर्धारण भएको आयको प्रक्षेपण र वितरणको खाका र बजेट सीमामा आधारित भई स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न उपाध्यक्षको संयोजकत्वमा बजेट तथा कार्यक्रम तर्जुमा समिति गठनको व्यवस्था छ । उक्त समितिले आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत रूपमा छलफल गरी कार्यपालिकामा पेस गर्ने तथा योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ । पालिकाले उपाध्यक्षको संयोजकत्वमा समिति गठन गरेको भएता पनि बजेट तथा कार्यक्रम तर्जुमा गर्दा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत रूपमा छलफल गरी कार्यपालिकामा पेस गर्ने तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गरेको छैन । आगामी दिनमा पालिकाले बजेट तथा कार्यक्रम तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

१६ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गतेभित्र पेस गर्ने र यसरी पेस भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित

गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपाध्यक्ष श्री प्रेम कुमारी पुनले मिति २०८०।३।७ मा रू. ४८ करोड १४ लाख २ हजार ४२६ को बजेट सभासमक्ष पेस गरेकोमा सभाबाट मिति २०८०।३।७ मा पारित भएको छ । यसैगरी पालिकाका अध्यक्ष श्री भव बहादुर भण्डारीले मिति २०८०।३।१३ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । यसरी पारित भएको बजेट तथा कार्यक्रमलाई आर्थिक वर्षभित्र सम्पन्न गरिसक्ने गरी व्यवस्थापन गर्नुपर्दछ ।

१७ **अबण्डा बजेट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले यो वर्ष सडक मर्मत शीर्षकमा रू. ३५ लाख अबण्डा बजेट व्यवस्था गरी विभिन्न योजनामा रू. ३४ लाख ८९ हजार खर्च गरेको छ । बजेट अबण्डामा राखी तोकआदेश वा कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । आगामी दिनमा यस्ता खर्चहरूलाई नियन्त्रण गर्दै बजेट तर्जुमा गर्दा नै कार्यक्रम समावेस गरी खर्च गर्नुपर्दछ ।

१८ **वार्षिक खरिद योजना/गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रू. ७ करोड ८८ लाख ५६ हजारको पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१९ **रकमान्तर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन, २०७९ को दफा ३ अनुसार एक शीर्षकबाट अर्को शीर्षकको जममा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकमा रकम सार्न गाउँ सभाको स्वीकृति लिनुपर्ने व्यवस्था छ । पालिकाको सूत्रबाट प्राप्त विवरणअनुसार ४२ वटा योजना घट गरी १३८ वटा थप योजनामा रू. ७ करोड ८६ लाख ७६ हजार रकमान्तर गरी खर्च गरेको छ । उक्त निर्णय कार्यपालिका र गाउँ सभाबाट समेत अनुमोदन गरिएको छ । उक्त रकम कुल वजेटको तुलनामा १६.३४ प्रतिशत रहेको छ । पालिकाले योजना टुक्रा गरी एक शीर्षकबाट अन्य शीर्षकमा वजेट रकम रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन ।

२० **त्रैमासिक खर्च**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा त्रैमासिक प्रगति विवरण बनाई केन्द्रीय निकाय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेस गर्नुपर्ने, केन्द्रीय निकायले त्रैमासिक विवरण तयार गरी अर्थ मन्त्रालय र योजना आयोगमा पठाउनु पर्ने व्यवस्था छ । पालिकाको सूत्र (SuTRA) सफ्टवेयरबाट प्राप्त त्रैमासिक प्रतिवेदनअनुसार पूँजीगत खर्चको स्थिति देहाय बमोजिम रहेको छ ।

बजेट शीर्षक	विनियोजित बजेट रू.	कुल खर्च रू.	त्रैमासिक खर्च (रू.हजारमा)				
			प्रथम	दोस्रो	तेस्रो	चौथो	आषाढ महिना
कुल पूँजीगत खर्च	१२११४५	९४५५६	६८	८४३१	२२३८९	६३६६८	४५३९६
खर्चको प्रतिशत	१००	७८.०५	०.०७	८.९२	२३.६८	६७.३३	४८.०१

प्राप्त विवरणको विश्लेषण गर्दा कुल पूँजीगत खर्चमा विनियोजन भएको बजेटमा ७८.०५ प्रतिशत मात्र खर्च भएको छ । कुल खर्चमध्ये चौथो त्रैमासिकमा मात्र कुल खर्चको ६७.३३ प्रतिशत र आषाढ महिनामा मात्र कुल खर्चको ४८.०१ प्रतिशत खर्च भएको देखिन्छ । यसरी पालिकाले अन्तिम त्रैमासिकमा मात्र कुल खर्चको आधा र असार महिनामा अत्याधिक खर्च गरी योजना सञ्चालन गर्दा सञ्चालित कार्यक्रम तथा निर्मित संरचनाको गुणस्तर तथा दिगोपनामा समेत प्रभाव पर्न सक्छ । त्यसैले पालिकाले त्रैमासिकरूपमा निर्धारित गरिएको लक्ष्य र समयभित्र कार्य सम्पादन गर्नुपर्दछ । विकास निर्माण सबै जसो कार्य आर्थिक वर्षको अन्त्यमा हुनुले वर्षान्तमा हतारमा काम गर्नुपर्ने तथा प्राविधिक मूल्याङ्कन गरी गर्नुपर्ने देखिएकाले कामको गुणस्तरमा समेत हुन नसक्ने भएकोले वर्षान्तको अन्त्यमा मात्र खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

२१ लक्ष्य प्रगति

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यान्वियन गर्ने कार्यालयले अनुसूची-२ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण पेस गर्ने र नियम ३६ बमोजिम प्रगति विवरण प्राप्त भएपछि त्यसको भौतिक र वित्तीय पक्षको समीक्षा गर्ने र समीक्षा गर्दा प्रगति कम भएको देखिएमा सोको कारण पहिचान गरी सुधारको लागि कदम चाल्नुपर्ने व्यवस्था छ । पालिकाले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको त्रैमासिक तथा वार्षिक लक्ष्य र प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा त्रैमासिक तथा वार्षिक लक्ष्य र प्रगति विवरण तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ । पालिकाको सूत्रबाट प्राप्त कार्यक्रमगत खर्च विवरणअनुसार आर्थिक वर्ष २०८०।८१ मा विभिन्न शीर्षकमा भएको वित्तीय प्रगति देहायबमोजिम रहेका छन्-

खर्च शीर्षक	योजना संख्या	कुल बजेट रकम (रू.हजारमा)	वार्षिक वित्तीय प्रगति स्थिति				
			शून्य प्रगति	२५% भन्दा कम प्रगति	२५%-५०% सम्म प्रगति	५०%-९०% सम्म प्रगति	९०% भन्दा माथिको प्रगति
गाउँपालिका	११६	९२१४५	७	१	४	१८	८६
संघीय ससर्तअनुदान	३	६०००	०	०	१	०	२
संघीय विशेष अनुदान	१	७०००	०	०	०	१	०
संघीय समपूरक अनुदान	१	५०००	०	०	०	१	०
प्रदेश विशेष अनुदान	१	५०००	१	०	०	०	०
प्रदेश समपूरक अनुदान	१	६०००	०	०	०	१	०
जम्मा	१२३	१२११४५	८	१	५	२१	८८

उपरोक्त विवरणअनुसार यो वर्ष पालिकाले कुल योजना संख्या १२३ मध्ये ८ योजनाको प्रगति शून्य रहेको छ भने ८८ योजनाको प्रगति ९० प्रतिशतभन्दा बढी रहेको छ । आगामी दिनमा पालिकाले विनियोजित बजेट तथा कार्यक्रमको लक्ष्य र प्रगति ९० प्रतिशतभन्दा बढी प्राप्त गर्न तोकिएको समय अवधिभित्र उक्त योजनालाई गुणस्तरीय र प्रभावकारीरूपमा कार्यान्वियन गर्नु गराउनुपर्दछ ।

२२ क्षेत्रगत बजेट र खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ र स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनबमोजिम स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगतरूपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको सूत्रबाट प्राप्त प्रतिवेदनअनुसार आर्थिक वर्ष २०८०।८१ मा देहायबमोजिम क्षेत्रगत बजेट र खर्चको स्थिति रहेको देखिन्छ ।

मुख्यक्षेत्र	**वार्षिक वजेट**	**खर्च रकम**	**कुल खर्चमध्ये प्रतिशत**
आर्थिक विकास	१,०२,००,०००.००	९४,२०,३०१.००	२.४०
सामाजिक विकास	२८,२६,१८,६००.००	२३,९८,९१,१४२.०७	६१.०३
पूर्वाधार विकास	८,०९,९०,०००.००	६,४३,५०,२७१.२३	१६.३७
सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	६५,५७,८२६.००	५९,९४,२७६.००	१.५३
कार्यालय सञ्चालन तथा प्रशासनिक	१०,१०,३६,०००.००	७,३३,८०,९५५.४९	१८.६७
जम्मा	४८,१४,०२,४२६.००	३९,३०,३६,९४५.७९	१००

पालिकाले योजना तर्जुमा गर्दा आर्थिक विकास र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रलगायत अन्य क्षेत्रमा दिगो र छिटो प्रतिफल प्राप्त हुने गरी समानुपातिक रूपमा बजेट विनियोजन गर्ने र सो को कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

खर्च विश्लेषणः पालिकाले यस वर्ष कुल आन्तिरक आयबाट रू. ७१ लाख १० हजार, राजस्व बाँडफाँडबाट रू. ८ करोड ७० लाख २८ हजार र अनुदानबाट रू. ३० करोड ६१ लाख ९५ हजारसमेत रू. ४० करोड ०३ लाख ३३ हजार आम्दानी भएकोमा चालुतर्फ रू. २९ करोड ८४ लाख ८१ हजार र पूँजीगततर्फ रू. ९ करोड ४५ लाख ५५ हजारसमेत रू. ३९ करोड ३० लाख ३६ हजार खर्च भएको छ । खर्चमध्ये आन्तरिक आयको हिस्सा १.८१ प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुविधामा रू. १ करोड १३ लाख ०३ हजार खर्च भएको छ जुन आन्तरिक आयको ६२.९० प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७५.९४ प्रतिशत चालु र २४.०६ प्रतिशत मात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरूले विकास निर्माण प्रयोजनमा न्यून खर्च गरेको प्रशासनिक तथा कार्यक्रम खर्चमाा बढी खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरूपमा विकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

२३ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ राजस्व क्षमता खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित २४जना स्थायी कर्मचारी र १२ जना कार्यालय सहयोगी समेत गरी २१ जना करार कर्मचारी कार्यरत रहेका छन् भने १० वटा पद रिक्त रहेको देखिन्छ । पालिकाको कामको प्रकृति, आवश्यक र राजश्व क्षमताको आधारमा संगठन र जनशक्ति व्यवस्थापन कार्य गर्नुपर्दछ । साथै, पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षणपछि दरबन्दी समायोजन गर्ने तथा रिक्त हुने पदमा प्रदेश लोक सेवा आयोगमार्फत पदपूर्ति गरी पालिकाको समग्र सेवा प्रवाहलाई प्रभावकारी बनाउने र कर्मचारीहरूलाई प्रदान गर्ने भत्तामा मितव्ययीता अपनाउनुपर्दछ ।

२४ सेवाप्रवाह

नेपालको संविधानको अनुसूची ८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसारका सेवाहरू पालिकाले आम नागरिकलाई प्रदान गर्दछ । आफ्नो कार्यक्षेत्रभित्रका नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, व्यक्तिगत घटना दर्ता

(जन्म, मृत्यु, विवाह दर्ता, बसाई सराई, सम्बन्ध विच्छेद) लगायत अन्य विभिन्न सेवा प्रवाहको विवरण अद्यावधिक गरी सो को अभिलेख राख्नुपर्दछ । पालिकाबाट प्रवाहित सेवाहरूको विवरण निम्नानुसार रहेको छ ।

क्र.सं.	विवरण	सेवा प्राप्तिका लागि निवेदन संख्या	सिफारिस संख्या	कैफियत
१	नागरिकता सिफारिस	१३०६	१३०६	
२	घरबाटो सिफारिस	१७०	१७०	
३	नाता प्रमाणित	५८९	५८९	
४	व्यक्तिगत घटना दर्ता	१०५७	१०५७	
५	अन्य	५७३०	५७३०	

पालिकाबाट प्रदान गरिने सेवा प्रवाहलाई व्यवस्थित र गुणस्तरीय बनाइ सेवा प्रवाहको अद्यावधिक अभिलेख राख्नेतर्फ ध्यान दिनुपर्दछ ।

२५ तलबी प्रतिवेदन

स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७७ को दफा ४७ मा कार्यालयबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने र तलबी प्रतिवेदन पारित नगरी तलब भुक्तानी गरेमा त्यस्तो कर्मचारीले पाएको तलब, भत्ता त्यसरी भुक्तानी गर्ने अधिकारीबाट असुल उपर गरिने व्यवस्था छ । स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को नियम ७४(४) मा उक्त तलबी प्रतिवेदन प्रदेश लेखा इकाईबाट पारित गराउनुपर्ने व्यवस्था छ । पालिकाले यस आ.व. मा कार्यालयका कर्मचारीहरूको गाउँसभाबाट र स्वास्थ्यतर्फका कर्मचारीहरूको तलबी प्रतिवेदन आन्तरिक लेखापरीक्षण शाखाबाट पारित गरी तलब भुक्तानी गरेको पाइयो । यसरी आफ्नो कर्मचारीको तलब तथा भत्ता आफैं पारित गर्दा नियन्त्रण हुन सक्दैन । आगामी दिनमा कार्यालयले ऐनको व्यवस्था बमोजिम तलबी प्रतिवेदन पारित गरि तलब खर्च लेखाङ्कन गर्नुपर्दछ ।

करार कर्मचारीः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ । तर नगरले विभिन्न पदमा २० जना कर्मचारी करारमा राखी निजहरुको तलब भत्ता बापत यस वर्ष रू. ८३,२८,३७९.३० खर्च लेखेको छ ।

२६ कर्मचारी कल्याण कोष

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा सर्तसम्बन्धी कानुनबमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तभरण. औषधी उपचारलगायतका सुविधा उपलब्ध गराउनका लागि एक अवकास कोष स्थापना गर्ने र कोषमा स्थानीय तहले आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट दश प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले हालसम्म कर्मचारी कल्याण कोष सञ्चालनसम्बन्धी कानुन तर्जुमा गरेको छैन । यो वर्ष पालिकाले कर्मचारी कल्याण कोषका लागि रू. ५५ लाख बजेट विनियोजन गरेकोमा रू. ५४,०४,२०२.०० विविध कोष खातामा ट्रान्सफर गरेको छ भने बाँकी रकममध्ये कर्मचारी सुमन भण्डारीलाई रू. १,६४,०७४.०० र लक्ष्मी वि.क.लाई रू. ३१,७२४.०० गरेको छ । पालिकाले कोषसम्बन्धी कानुन तर्जुमा गरी कोषको प्रभावकारी परिचालन गर्नुपर्दछ ।

२७ विविध खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने उल्लेख छ । सूत्रबाट प्राप्त विवरणअनुसार पालिकाले विविध खर्चमा रू. २०,१३,४४५.००

खर्च गरेको छ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले यस खर्च शीर्षकबाट खाजा, खानालगायत अन्य विविध खर्च शीर्षकमा खर्च गरेको छ । आगामी दिनमा यस्ता खर्चलाई नियन्त्रण गर्दै मितव्ययी हुनुपर्दछ । त्यस्तै, वडाबाट समेत खाजा खाना शीर्षकमा खर्च गरेको छ भने वडाबाट सञ्चालित विभिन्न कार्यक्रममा अत्याधिक खाना खाजामा बिल पेस गरी वडा सचिवले लिने गरेकोले पालिकाले मितव्ययी रूपमा विविध खर्च गर्दै यस्ता खर्चलाई नियन्त्रण गर्नुपर्दछ ।

२८ **अनुदानको अनुगमन**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको यकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । गाउँपालिकाबाट वितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धी मापन गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनुपर्दछ ।

२९ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था छ । यस पालिकाअन्तर्गत् अनुसूचीमा उल्लिखित घर जग्गा र सवारी साधनहरू रहेका छन् । पालिकाले स्वामित्वमा रहेका सम्पत्तिको सदुपयोग गर्ने, विवरण अद्यावधिक गर्ने तथा अन्य सार्वजनिक सम्पत्तिको खोजी गरी सो को संरक्षण र सम्वर्धन गर्नुपर्दछ ।

सम्पत्ति	प्राप्त मिति	संख्या	खरिद/प्राप्ति मूल्य	कैफियत
घर जग्गा क्षेत्रफल र संख्यासहित				
गाउँपालिकाको कार्यालय (वर्ग मिटर)	२०७९।२।२०	१६	३००००	अन्य वडा र कार्यालयको नाममा रहेको सम्पूर्ण जग्गाको अभिलेख अद्यावधिक गर्न बाँकी रहेको
वडा नं. ६ को कार्यालय (वर्ग मिटर)	२०५४।८।२३	२	५०००००	
आधारभूत स्वास्थ्य केन्द्र, वडा नं. ८ (वर्ग मिटर)	२०६५।१।९	२	५०००००	
वडा नं. ३ को कार्यालय (वर्ग मिटर)	विवरण नखुलेको			
सवारी साधन (रू.१ लाखभन्दा बढी)				
जीप (चारपाङ्ग्रे)	२०७८	१	४१०००००	
मोटरसाइकल/ स्कुटर	विभिन्न मिति	२८	नखुलेको	स्कुटर १
उपकरण (रू.१ लाखभन्दा बढी)	नभएको			
बेचल्तीमा रहेको प्रमुख उपकरण तथा सवारी साधन	नभएको			

३० **सम्पत्ति हस्तान्तरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ ,९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति दायित्व तथा अभिलेख त्यसरी कायम भएका नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ। यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाउँपालिकाले

वडागत समेत सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको कम्प्युटर, ल्यापटप, प्रिन्टर र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन। यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धीत जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।

३१ **सार्वजनिक सम्पत्ती अनुगमन र निरीक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ९९ मा कार्यालय प्रमुखले कार्यालयको सम्पत्ति र जिन्सी मालसामानको मौजुदा अवस्थाको सम्बन्धमा वर्षमा कम्तीमा एक पटक आफैं वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारीबाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तीमा तीन सदस्यीय समितिबाट निरीक्षण गराई महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदन लिनुपर्ने र प्रतिवेदनमा सम्पत्ति तथा जिन्सी किताबमा आम्दानी बाँधिएको सम्पत्ति तथा जिन्सी मालसामानको संख्या र मौजुदा अवस्था, सम्पत्ति तथा जिन्सी किताबमा आम्दानी नबाँधिएको सम्पत्ति तथा जिन्सी मालसामानको संख्या र मौजुदा अवस्था, सम्पत्ति तथा जिन्सी मालसामानको संरक्षण र सम्भार भए वा नभएको व्यहोरा, मर्मत सम्भार गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानको विवरण, टुटफुट तथा बेकम्मा भई पुनः प्रयोग गर्न नसकिने, मर्मत गरी पुनः प्रयोग गर्न सकिने भए तापनि सामानको पार्टपुर्जा नपाइने र मर्मत गर्दा उक्त सामानको बजार मूल्यको पच्चिस प्रतिशतभन्दा बढी खर्च हुने वा प्रविधि पुरानो भएको कारण प्रयोग गर्दा कार्यकुशलता घट्ने अवस्था भए वा नभएको व्यहोरा, सम्पत्ति तथा जिन्सी मालसामानको प्रयोग भए वा नभएको, हानी नोक्सानी भए वा नभएको र हानी नोक्सानी भएको भए कसको लापरवाहीबाट भएको हो सोको विवरण र एकै किसिमको सम्पत्ति तथा जिन्सी मालसामानमध्ये गत वर्ष उपयोग भएको परिमाण र चालु आर्थिक वर्षमा खरिद गरिएको परिमाणको तुलनात्मक विवरणलगायतको व्यहोराहरू उल्लेख गर्नुपर्दछ । यस वर्ष पालिकाले पेस गरेको जिन्सी निरीक्षण प्रतिवेदनमा माथि उल्लिखित व्यहोराहरूको समावेश नगरी PAMS प्रणालीको म.ले.प.फा.नं. ४११ जिन्सी निरीक्षण फारामलाई नै जिन्सी निरीक्षण प्रतिवेदनको रूपमा पेस गरेको छ । यस प्रतिवेदनमा जिन्सी मालसामानको परिमाण, मर्मत सम्भार गर्नुपर्ने र लिलाम गर्नुपर्ने संख्यात्मक विवरण मात्र उल्लेख हुने भएकोले जिन्सी मालसामानको उपयोग, हानी नोक्सानी र जिन्सी खरिद व्यवस्थापनको विषयमा यकिन गर्न सकिएन । त्यस्तै, पालिकाको जिन्सी किताब र PAMS को विवरणको नमुना परीक्षण गर्दा इलेक्ट्रीक हिटर, हार्डडिक्स, इलेक्ट्रिक जगलगायतका सामग्रीहरू PAMS मा समावेस भएको छैन । अतः कानुनमा भएको व्यवस्थाबमोजिम सरकारी सम्पत्ति तथा जिन्सी मालसामानलाई PAMS मा प्रविष्टी गर्ने र सो को निरीक्षण गरी प्रतिवेदन गर्नुपर्दछ ।

३२ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियासम्बन्धी व्यवस्था गरेको छ । समितिले विवादका दुवै पक्ष उपस्थित भएको तीन महिनाभित्र मेलमिलापबाट विवादको समाधान गर्नुपर्ने र समाधान हुन नसकेमा विवाद समाधानको लागि अदालतमा तत्सम्बन्धी मिसिल तथा कागजात पठाउनुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरणअनुसार समितिको उजुरी दर्ता र फछ्र्यौटको विवरण देहायबमोजिम रहेको छ ।

क्र.सं.	उजुरीको प्रकार	गत वर्षको बाँकी	यस वर्ष थप	जम्मा	यस वर्ष फछ्र्यौट	फछ्र्यौट हुन बाँकी	समयमै फछ्र्यौट नहुनुको कारण
१	विभिन्न विषयहरू	१	४	५	४	१	

उपरोक्त विवरणअनुसार गत वर्षको फस्र्यौट हुन बाँकी १ र यो वर्ष दर्ता भएको ४ गरी ५ उजुरीहरू न्यायिक समितिमा रहेकोमा यो वर्ष ४ उजुरी फस्र्यौट भई १ उजुरी बाँकी रहेको छ । आगामी दिनमा न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनेतर्फ ध्यान दिनुपर्दछ ।

३३ **कानुन निर्माण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमुना कानुनहरू समेत बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १४ ऐन, ५ नियमावली, ४७ कार्यविधि र ४ निर्देशिका गरी जम्मा ७० वटा कानुन निर्माण गरी कार्यान्यनमा

ल्याएको छ । पालिकाले तर्जुमा गरेका कानुनहरू सभा तथा कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त सबै कानुनहरू राजपत्रमा प्रकाशन गरेको छैन भने पारित कानुनलाई पालिकाको वेभसाइटमा समेत राखेको छैन । तसर्थ, उक्त कानुनहरू राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ र वेभसाइटमा समेत अद्यावधिक गरी प्रकाशन गर्नुपर्दछ ।

३४ पेस्की बाँकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा सरकारी कामकाजको लागि पेस्की दिएको रकम सोही आर्थिक वर्षभित्र फस्र्यौट हुन नसकेमा कार्यालय प्रमुखले त्यसरी फस्र्यौट हुन बाँकी पेस्कीको विवरण तयार गर्ने, पेस्कीको म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राख्ने तथा फस्र्यौट हुन बाँकी पेस्की रकमलाई अन्तिम लेखापरीक्षणको प्रतिवेदनमा समावेश गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले पेस गरेको फस्र्यौट गर्न बाँकी पेस्कीको मास्केवारी (म.ले.प.फा.नं. २११) अनुसार देहायका कर्मचारी, ठेकेदार, संस्था तथा व्यक्तिलाई दिएको पेस्की आर्थिक वर्षको अन्त्यसम्म फस्र्यौट नभई रू. १६,३२,०००.०० बाँकी रहेकोमा लेखापरीक्षणको क्रममा रू. १,३२,०००.०० पेस्की फस्र्यौट भई रू. १५,००,०००.०० पेस्की बाँकी रहेको छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेस्की रू. १५,००,०००.०० फस्र्यौट गर्न बाँकी रहेकोले उक्त पेस्की नियमानुसार फस्र्यौट गर्नुपर्दछ ।

सि.नं.	ब.उ.शी.नं.	भौ.नं. र मिति	पेस्कीको विवरण	पेस्की लिने व्यक्ति र फर्मको नाम	पेस्की रकम रू.	
					म्याद नाघेको	म्याद ननाघेको
१		१४-०८१।३।२३	दवाङ भिर स्तरउन्नति योजना	दवाङ भिर स्तरउन्नति उपभोक्ता समिति		१५,००,०००.००
जम्मा रू.					०.००	१५,००,०००.००

पेश्की	१५,००,०००

३५ स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) नतिजा

स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ अनुसार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहको कार्यप्रकृया र उपलब्धिहरूको बारेमा लेखाजोखा गरी सबल र दुर्बल पक्षहरूको पहिचान गर्न, विकास तथा सुशासनमा रहेका कमी कमजोरीहरूको जानकारी लिन, आवधिक समीक्षाको लागि आधार प्राप्त गर्न र पालिकाहरूको बीचमा तुलनायोग्य सूचकहरू तर्जुमा गरी प्रतिस्पर्धात्मक सुधारमा अग्रसर गराई स्थानीय तहलाई सक्षम र प्रभावकारी बनाउने उद्देश्यले हरेक आर्थिक वर्ष कार्यविधिअनुसार मूल्याङ्कन गरी नतिजा सार्वजनिक गर्ने गरेको छ । मन्त्रालयले मिति २०८१।५।६ गते आर्थिक वर्ष २०७९।८० को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) को नतिजा सार्वजनिक गरेकोमा यस पालिकाले १०० पूर्णाङ्कमा ६२.२५ अङ्क प्राप्त गरेको छ । कार्यविधिले तोकेका १० क्षेत्रमा रहेका समग्र, प्रक्रियागत र परिमाणात्मक सूचकको पूर्ण कार्यान्वयन गरी पालिकालाई आम नागरिकप्रति थप पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउनुपर्दछ ।

३६ सहकारी संस्था निरीक्षण

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरणअनुसार पालिकाभित्र देहायबमोजिमका १८ वटा सहकारी संस्थाहरू दर्ता भएका छन् । पालिकाभित्रका सहकारी संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा ८ वटा सहकारीहरूको विवरण रहेको र अन्यको विवरण दाखिला गरेको पाइएन । पालिकामा सहकारीसम्बन्धी कुनै पनि उजुरी परेको छैन भने पालिकाले यो वर्ष ४ वटा सहकारी संस्थाको अनुगमन तयार गरेतापनि अनुगमन प्रतिवेदन तयार गरेको देखिएन । सहकारीसम्बन्धी ऐन भएतापनि सो को पूर्ण कार्यान्वयन भएको छैन भने यो वर्ष रू. १ लाख ९१ हजार खर्च गरेको छ । पालिकामा दर्ता भएका सबै सहकारीहरू प्रणाली आबद्ध नहुनु तथा नियमित अनुगमन निरीक्षण नहुदाँ पालिकाका सञ्चालित सहकारीको सञ्चालन अवस्थाबारे थप अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिकाअनुसार सफ्टवेयर प्रणालीमा सहकारीको विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन र उजुरी फछ्र्यौट गर्नुपर्दछ ।

३७ **आर्थिक सहायता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(७) मा पालिकाले आफ्नो अधिकार क्षेत्रका काम, कर्तव्य र अधिकारको प्रयोग गर्दा आवश्यकता अनुसार कानुन, नीति, योजना, मापदण्ड तथा कार्यविधि बनाई लागू गर्न सक्ने व्यवस्था छ । पालिकाले हालसम्म आर्थिक सहायता परिचालन सम्बन्धी कार्यविधि निर्माण गरेको छैन । पालिकाले निवेदनमा तोकआदेश गरी वा कार्यपालिकाको निर्णयबाट स्वास्थ्य उपचार र विपदमा विभिन्न विभिन्न संघसंस्था र व्यक्तिहरूलाई रू. ३,५५,०००.०० आर्थिक सहायता वितरण गरेको छ । आगामी दिनमा पालिकाले आर्थिक सहायता परिचालनलाई छिटो, छरितो, मितव्ययी र पारदर्शी बनाई वास्तविक पिडितलाई राहत प्रदान गर्नका लागि आर्थिक सहायता परिचालनसम्बन्धी कार्यविधि बनाई लागू गर्नुपर्दछ ।

३८ **सार्वजनिक परीक्षण, सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ (५) वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाईजस्ता कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यो वर्ष हरेक वडामा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरी रू. १,८९,५१०.०० खर्च गरेको छ भने सार्वजनिक परीक्षण र सामाजिक परीक्षण कार्य गरेको छैन । यसरी सार्वजनिक सुनुवाई कार्यक्रम गरेतापनि प्राप्त पृष्ठपोषणसहितको प्रतिवेदन तयार गरेको छैन । अतः तोकिए बमोजिम सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ ।

३९ **भवन निर्माण तथा सडकसम्बन्धी व्यवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छद ७ मा भवन निर्माण तथा सडकसम्बन्धी व्यवस्था गरिएको छ । ऐनमा नक्सा पास नगराई भवन निर्माण गर्न नहुने, नक्सा पास गर्ने, राष्ट्रिय भवन संहिता पालना गर्नुपर्ने, राष्ट्रिय तथा प्रादेशिक मापदण्ड अवलम्बन गर्नुपर्ने र सडकको अधिकारक्षेत्र तोक्न सक्नेलगायतका व्यवस्थाहरू रहेका छन् । उपरोक्तबमोजिम ऐनले दिएको अधिकारको कार्यान्वयन गर्न तथा भवन ऐन, २०५५ बमोजिम भवनको वर्गीकरण गर्न पालिकाले भवन निर्माण तथा सडकसम्बन्धी मापदण्ड तर्जुमा गरेको छैन । अतः पालिकाले उक्त मापदण्ड तर्जुमा गरी सो को प्रभावकारी कार्यान्वियन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

४० **फोहोरमैला व्यवस्थापन**

फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ४ मा फोहोरमैला व्यवस्थापन गर्ने दायित्व स्थानीय तहको हुने र दफा १२ मा पालिकाले फोहोरमैला व्यवस्थापन स्थल तोक्नुपर्ने व्यवस्था रहेको छ । पालिकाभित्र उत्पादन हुने फोहोरमैलाको व्यवस्थापनका लागि स्यानिटरी ल्याण्डफिल साइट नभएको हुँदा उत्पादित फोहोरमैलाको व्यवस्थापन दिगो रूपमा व्यवस्थापन हुन सकेको छैन । पालिकाले फोहोरमैला व्यवस्थापनसम्बन्धी नीतिको तर्जुमा गरेको छैन । पालिकाले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । पालिकाले फोहोरमैला व्यवस्थापन गर्न फोहोरमैलालाई स्रोतमा नै कमी गर्ने, पुनः प्रयोग गर्ने र पुनः चक्रिय प्रणालीको अवलम्बन गर्न नागरिक जनचेतना अभिवृद्धि गरी दिगो रूपमा फोहोरमैला व्यवस्थापन गर्न स्यानिटरी ल्याण्डफिल साइट निर्माण गर्ने, वैज्ञानिकरूपमा प्रशोधन कार्य गर्नेलगायत फोहरमैलाको वर्गीकरण गरी फोहरमैलाको उचित व्यवस्थापनमार्फत् पालिकाको पर्यावरणलाई स्वच्छ राख्न ध्यान दिनुपर्दछ ।

४१ **बेरुजू लगत**

पालिकाले महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भई प्राप्त बेरुजु प्रतिवेदनको अभिलेख देहायको म.ले.प. फाराममा राख्नुपर्ने व्यवस्था भएकोमा सोअनुसार राखेको नपाइएकोले आगामी दिनमा तोकिएको म.ले.प. फारममा बेरुजु अभिलेख राखि अध्यावधिक गर्नुपर्दछ ।

- म.ले.प. फाराम नं. ८०१ बेरुजु लगत
- म.ले.प. फाराम नं. ८०२ बेरुजुको कार्यालयगत प्रतिवेदन
- म.ले.प. फाराम नं. ८०५ सम्परीक्षण गोश्वारा अभिलेख

४२ विद्यूतीय प्रणाली सञ्चालन

कार्यालयले सम्पादन गर्नुपर्ने विभिन्न कार्यहरू विद्यूतीय प्रणालीबाट सम्पादन गर्ने गरी सफ्टवेयरहरू सञ्चालनमा ल्याएको छ । ती सफ्टवेयरहरुको प्रयोगकर्ताहरूको विवरण, पासवर्ड परिवर्तन, स्थगत तथा डाटा व्याकअपसम्बन्धी अभिलेख म.ले.प. फाराम नं. ९०१, ९०२ र ९०३ को ढाँचामा राखी विद्यूतीय सुरक्षासम्बन्धी व्यवस्था कार्यान्वयनमा ल्याउनुपर्नेमा त्यस्तो अभिलेख राख्ने गरेको छैन । कुन कुन सफ्टवेयर क-कसले सञ्चालन गर्ने गरेका छन्, आधिकारिक रूपमा क-कसलाई सञ्चालनको अनुमति दिइएको छ, डाटा व्याकअपको अवस्था के कस्तो छ भन्ने विषयमा कार्यालयको ध्यान जान सकेको देखिएन । यसबाट अनाधिकृत व्यक्तिको प्रणालीमा पहुँच हुन सक्ने, तथ्याङ्कमा भएका परिवर्तनको जिम्मेवारी कोसँग हुने भन्ने किटान नहुने एवम् व्यायकप नियमित रूपमा गर्ने र प्रमाणित गर्ने व्यवस्था नभएबाट तथ्याङ्क हराउने वा सच्याउन सकिनेजस्ता जोखिम रहेको देखिन्छ । अत: विद्युतीय तथ्याङ्कको सुरक्षा सम्बन्धमा भएका व्यवस्थाको पालना गर्नुपर्दछ ।

४३ राजस्व अभिलेख

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा पालिकाको वित्तीय अधिकारक्षेत्रसम्बन्धी व्यवस्था छ । कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष पूर्णरूपमा सूत्रमार्फत् नगद राजस्व सङ्कलन तथा संकलित नगद राजस्व बैङ्क जम्मा गर्ने गरेको छ भने केही राजस्व सेवाग्राहीले सोझै बैङ्क खातामा समेत जम्मा गरेका छन् । पालिकाले यो वर्ष पालिकाले राजस्व सङ्कलनका लागि कुनै पनि नगदी रसिद छपाई र प्रयोग गरेको छैन । सूत्रबाट प्राप्त विवरणअनुसार कुल आन्तरिक राजस्व रू. ७१,०९,५१७.९६ रहेको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरू देहायबमोजिम रहेका छन्-

- पालिकाले सङ्कलन गरेको नगद राजस्व रकम सोही दिन वा एक हप्ता दिनसम्ममा बैङ्क जम्मा गर्ने गरेको पाइएतापनि वडाहरूले सङ्कलन गरेको नगद राजस्व रकम ढिला गरी एकमहिनासम्ममा बैङ्क दाखिला गर्ने गरेको पाइयो ।
- ऐनको दफा ५५ बमोजिम पालिकाले आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा सम्पत्ति कर लगाउने व्यवस्था भएकोमा हालसम्म पालिकामा सम्पत्ति कर कार्यान्वयन भएको देखिएन ।
- पालिकाबाट प्रदान गरिने सेवा प्रवाहलगायतका सिफारिसहरूलाई राजस्वको भौचरसँग अन्तरआबद्धता हुने गरी सफ्टवेयर प्रणालीको विकास गरिएको छैन ।
- यो वर्ष पालिका तथा वडा कार्यालयहरूबाट सङ्कलन भएको राजस्वको विवरण अनुसूचीमा संलग्न रहेको छ ।

तसर्थ, पालिकाले आगामी दिनमा एकद्वार प्रणालीबाट राजस्व सङ्कलन गर्ने, संकलित नगद राजस्व कानुनबमोजिम तोकिएको समयमा बैङ्क दाखिला गर्ने, सम्पत्ति कर तथा व्यवसाय करको पूर्ण कार्यान्वयन गर्नेलगायतका क्षेत्रमा सुधार गर्नुपर्दछ ।

(विस्तृत विवरण बेरूजु दफा ४३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

४४ आन्तरिक आय ठेक्का

पालिकाले यो वर्ष गण्डकी प्रदेश आर्थिक ऐन, २०८० को दफा ८ बमोजिम नदीजन्य पदार्थको सङ्कलन तथा बिक्रीको लागि देहायबमोजिम आय ठेक्का लगाएको छ । पालिकाले उक्त ठेक्काको लागि न्यूनतम लागत मूल्य रू. १७७९८२२ रहेकोमा ट्रिपल एस कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., काठमाडौंको कवोल अङ्क रू. १७,८५,०००.०० (भ्याटबाहेक) स्वीकृत गरी सम्झौता गरी आन्तरिक राजस्व प्राप्त गरेको छ ।

क्र.सं.	ठेक्काको विवरण	ठेक्का प्राप्त गर्नेको विवरण	न्यूनतम लागत मूल्य रू.	ठेक्का सम्झौता भएको रू.
१	रघुगंगा खोलाको छहारी बगरमा नदीजन्य पदार्थ सङ्कलन	ट्रिपल एस कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.,काठमाडौं	४२७१५८	४३००००
२	रघुगंगा खोलाको पेने बगरमा नदीजन्य पदार्थ सङ्कलन	ट्रिपल एस कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.,काठमाडौं	१३५२६६४	१३५५०००
जम्मा रू.			१७७९८२२	१७८५०००

आगामी दिनमा राजस्व परामर्श समितिले राजस्वको सम्भावित क्षेत्रको पहिचान गरी यथार्थपरक राजस्व अनुमान गर्ने, समयमा आय ठेक्का व्यवस्थापन गर्ने र आय ठेक्का नलाग्दासम्म तोकिएको दरमा कर सङ्कलन गरी पालिकाको आन्तरिक राजस्व वृद्धि गर्नुपर्दछ ।

४५ **दहत्तर बहत्तर सङ्कलनको परिमाण**

पालिकाले विभिन्न खोलाहरूबाट नदीजन्य निर्माण सामग्री उत्खनन् तथा सङ्कलन कार्यको लागि वातावरणीय अध्ययन प्रतिवेदन तयार गरेकोमा प्रतिवेदनअनुसार देहायका विभिन्न खोलाहरूबाट उत्खननयोग्य नदीजन्य सामग्रीको परिमाण यकिन गरेको छ । प्रतिवेदनमा अनुगमन तथा व्यवस्थापन योजनाअन्तर्गत आधार रेखा अनुगमन, पालना अनुगमन, प्रभाव अनुगमनका विषयवस्तुहरू उल्लेख गरिएका छन् । प्रत्येक महिना जिल्ला समन्वय समिति र पालिकाले तोकिएको परिमाणभन्दा बढी सङ्कलन गरेको छ वा छैन भनि स्रोत जाँच तथा निरीक्षण गर्नुपर्ने उल्लेख रहेको छ । पालिकाले वातावरणीय अध्ययन प्रतिवेदन अनुसार रघुगंगा खोलाको पेन बगर र छरी बगरबाट १९७७५८ घ.मि. नदीजन्य सामग्री उत्खनन् तथा बिक्रीका लागि लागत अनुमान रू. १७,७९,८२२.०० (भ्यासबाहेक) न्यूनतम कवोल अङ्क कायम गरी ठेक्का आव्हान गरेकोमा ट्रिपल एस कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., काठमाडौंको कवोल अङ्क रू. १७,८५,०००.०० (भ्याटबाहेक) स्वीकृत गरी सम्झौता भएको र उक्त फर्मलाई सम्झौताअनुसार कार्य गर्न कार्यदेश दिइएको देखिन्छ । वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भएको परिमाण अनुसार ठेकेदारले नदीजन्य सामग्री उत्खनन गरे नगरेको सम्बन्धमा पालिकाले कुनै पनि अनुगमन प्रतिवेदन तयार नगरेको हुँदा सो सम्बन्धमा यकिन गर्न सकिएन । अतः पालिकाले प्रतिवेदनमा उल्लेख भएबमोजिमको परिमाण उत्खनन् भए नभएको परिमाण यकिन गर्ने तथा सोबाट पर्न गएको प्रभावसम्बन्धमा अनुगमन गरी कानुनको कार्यान्वयन प्रभावकारी रूपमा गर्नुपर्दछ ।

सि.नं.	ठेक्का विवरण	फर्म	सङ्कलन गरिने क्षेत्र	उत्खननयोग्य परिमाण (घ.मि.)	कैफियत
१	नदीजन्य निर्माण सामग्री उत्खनन तथा सङ्कलन	ट्रिपल एस कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., काठमाडौं	रघुगंगा खोलाको पेने बगर	१५०२९६	
२			रघुगंगा खोलाको छारी बगर	४७४६२	
जम्मा				१९७७५८	

४६ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०/८१ मा केन्द्रीय अनुदानबाट गरेको कुल खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहायबमोजिम छः

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
१९,८९,७८,८२१.३८	७१,०९,५१७.९६	३.५७

उपर्युक्त विवरणअनुसार स्थानीय तहले केन्द्रीय अनुदानबाट गरेको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३.५७ प्रतिशत मात्र रहेको छ । अतः पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नुपर्दछ ।

४७ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्ष २०८०/८१ मा आन्तरिक आयतर्फ रू. १ करोड २० लाख आय प्राप्त हुने अनुमान गरेकोमा अनुमानभन्दा रू. ४८ लाख ९० हजारले घटी राजस्व रू. ७१ लाख १० हजार राजस्व प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाउने तथा आयको दायरा विस्तार गरी आन्तरिक आयमा वृद्धि गर्नुपर्दछ ।

४८ **घर तथा सटर भाडा**

पालिकाको वडा नं. ३ स्थित तिल्केनीमा गाउँपालिकाले निर्माण गरेको २ वटा सटर, ४ वटा कोठा र बाथरुमसहितको घर मासिक भाडा रू. १००००.०० लिने गरी श्री प्रकाश खत्री (रघुगंगा-२) सँग २०७७।०७।२१ गते सम्झौता भएको छ । सम्झौताको शर्तहरूमा सम्झौताको एक वर्ष अवधि पूरा भएपछि भाडा स्वतः १० प्रतिशतका दरले वृद्धि हुने र उक्त घरको मासिक भाडा दर रू. १०,०००/- हुने उल्लेख छ । त्यस्तै, घर भाडा सम्झौताको अवधि २०७७।२।१ देखि ३ वर्षको लागि हुने उल्लेख भएकोमा उक्त अवधि २०८०।१। ३१ मा भाडा सम्झौता अवधि समाप्त भई सकेपनि हालसम्म सम्झौताको नवीकरण भएको छैन भने उक्त घरको प्रयोग गरिरहेको देखिन्छ । गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा समेत सम्बन्धितबाट भाडा बुझाउन बाँकी रहेको व्यहोरा उल्लेख रहेकोमा यस वर्ष समेत सम्झौताअनुसार प्रत्येक एक वर्षपछि १० प्रतिशतले भाडा दर वृद्धि हुँदा तेस्रो वर्षमा मासिक रू. १३,३१०/- का दरले एक वर्षको रू. १,५९,७२०.०० गरी सम्बन्धितबाट असुल गर्ने र सम्झौता नवीकरण गर्नुपर्दछ ।

असुल गर्नुपर्ने	१,५९,७२०

४९ **मूल्य अभिवृद्धि कर**

पालिकाले देहायबमोजिम नदीजन्य पदार्थको सङ्कलन तथा बिक्रीको लागि ट्रिपल एस कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. काठमाडौंसँग सम्झौता गरी कार्यसम्पन्न गरेकोमा सम्झौता रू. १७८५००० को १३ प्रतिशत मूल्य अभिवृद्धि कर रू. २३२०५० दाखिला गर्नुपर्नेमा प्रा.लि.ले रू. २०५२७५ मात्र दाखिला गरेको हुँदा बाँकी मूल्य अभिवृद्धि कर रू. २६७७५ सम्बन्धित फर्मबाट असुल गरी दाखिला हुनुपर्दछ ।

क्र.सं.	ठेक्काको विवरण	न्यूनतम लागत मूल्य रू.	ठेक्का प्राप्त गर्नेको विवरण	ठेक्का सम्झौता भएको रू.	भ्याट १३ प्रतिशत	दाखिला भएको रू.	घटी दाखिला रू.	कैफियत
१	रघुगंगा खोलाको छहारी बगरमा नदीजन्य पदार्थ सङ्कलन	४२७१५८	ट्रिपल एस कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., काठमाडौं	४३००००	५५९००	४९४५०	६४५०	
२	रघुगंगा खोलाको पेने बगरमा नदीजन्य पदार्थ सङ्कलन	१३५२६६४	ट्रिपल एस कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., काठमाडौं	१३५५०००	१७६१५०	१५५८२५	२०३२५	
जम्मा रू.				१७८५०००	२३२०५०	२०५२७५	२६७७५	

असुल गर्नुपर्ने	२६,७७५

५० **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय करमा रू. २,१७,८५८.०० र व्यवसाय रजिष्ट्रेसन दस्तुरमा रू. १,१४,७४२.०० गरी जम्मा रू. ३,३२,६००.०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरूको अभिलेख अध्यावधिक गरेको छैन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ, पालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनुपर्दछ ।

५१ कर अनुमान तथा अशुली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५६, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । सूत्रबाट प्राप्त विवरणअनुसार पालिकाको मुख्य आय शीर्षकको आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
सम्पत्ति कर(घरधुरीकर)	२,००,०००.००	१,७६,२०३.००	८८.१०
भूमिकर (मालपोत)	१६,००,०००.००	६,७१,१८४.६०	४१.९५
घरजग्गा वहाल कर	१५,००,०००.००	९,३४,७६८.१९	६२.३२
व्यवसाय कर	३,००,०००.००	२,१७,८५८.००	७२.६२
वहाल विरौटी शुल्क	२,००,०००.००	१,८८,०००.००	९४.००
अन्य राजस्व	८२,००,०००.००	४९,२१,५०४.१७	६०.०२
जम्मा	१,२०,००,०००.००	७१,०९,५१७.९६	५९.२५

उपरोक्त तथ्याङ्कले सबै आय शीर्षकमा अनुमान गरेबमोजिमको राजस्व असुली भएको देखिएन । यसर्थ, पालिकाले अनुमान गरेको आन्तरिक राजस्व यथार्थपरक रहेको देखिदैंन । त्यस्तै, पालिकामा रहेका करदाताहरूको अभिलेख व्यवस्थित नहुनु, सम्बन्धित राजस्व शीर्षकमा रकम जम्मा नहुनु एवम् बुझाउन ल्याएको अवस्थामा मात्र कर तथा शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएको छैन भने पालिकाले सम्पत्ति करको कार्यान्वयन गरेको देखिदैंन । तसर्थ, पालिकाले आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा अभिवृद्धि गर्ने, सम्पत्ति करको कार्यान्वियन गर्ने तथा सम्बन्धित आय शीर्षकमा यथार्थ आय अनुमान गर्नुपर्दछ ।

५२ अनुत्पादक खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्नेसम्बन्धी मापदण्डमा सार्वजनिक निकाय तथा सार्वजनिक पद धारण गरेको व्यक्तिले खर्चमा मितव्ययिता कायम हुने गरी खर्च गर्नुपर्ने, बुँदा नं. १०२ मा स्थानीय तहले सार्वजनिक खर्चलाई थप मितव्ययी र नतिजामुखी बनाउन मितव्ययिता सम्बन्धी मापदण्ड तर्जुमा गरी लागू गर्नसक्ने व्यवस्था छ । पालिकाले मितव्ययितासम्बन्धी मापदण्ड तर्जुमा गरी लागू गरेको छैन । पालिकाले गरेको खर्चहरूको नमुना परीक्षण गर्दा देहायबमोजिमका कार्यक्रममा रू. २६ लाख ६० हजार खर्च गरेको देखियो । आगामी दिनमा पालिकाले यस्तो अनुत्पादक, प्रतिफलविहीन खर्चमा नियन्त्रण गरी मितव्ययिता अपनाउनुपर्दछ ।

(विस्तृत विवरण बेरूजु दफा ५२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

५३ पत्रपत्रिका तथा छपाई

गोरखापत्र संस्थान विज्ञापन संकलन, प्रकाशन, प्रसारण एवम् विज्ञापन एजेन्सीसम्बन्धी निर्देशिका, २०७८ को दफा १० को उपदफा २क मा संस्थानका प्रकाशनहरूमा विज्ञापन प्रकाशन गरेबापत २५ प्रतिशत संस्थागत छुट सरकारी तथा निजी क्षेत्रका सम्पूर्ण कार्यालयलाई उपलब्ध हुने व्यवस्था छ । कार्यालयले विभिन्न मिडियाहरूमा सूचना प्रकाशन गर्दा प्रतिस्पर्धा गराई छुटको व्यवस्था गर्नुपर्दछ । गाउँपालिकालाई विभिन्न सूचना तथा विज्ञापन प्रकाशनका लागि यस आर्थिक वर्षमा रू. ६,००,०००.०० विनियोजन भएकोमा विभिन्न मिडियाहरूमार्फत् सूचना प्रकाशन तथा विज्ञापन प्रकाशनका लागि रू. ५,२८,१४५.०० खर्च गरेको छ । कार्यालयले प्रतिस्पर्धा नगराई विज्ञापन तथा सूचना प्रकाशन गर्दा १५ प्रतिशतसम्म मात्र छुट लिएको देखिँदा आगामी दिनमा सूचना प्रकाशन गर्दा गोरखापत्र जस्तै सरकारी समाचार पत्रमा प्राप्त हुने कम्तीमा २५ प्रतिशतसम्मको छुट लिने गरी मिडिया एजेन्सीहरूबीच प्रतिस्पर्धा गराई सबैभन्दा बढी छुट प्रदान गर्ने मिडिया एजेन्सीबाट सूचना प्रकाशन गर्नुपर्दछ ।

५४ **पानी तथा विजुली महशुल**

गण्डकी प्रदेशको प्रदेश खर्चको मापदण्ड, २०७९ को दफा १६(३) मा पानी, बिजुली र टेलिफोन मितव्ययी ढंगले प्रयोग नगरी विनियोजित बजेटभन्दा बढी खर्च भई बक्यौता रहेमा वा समयमा महसुल नतिरी जरिवाना तिर्नु परेमा कार्यालय प्रमुख तथा लेखा प्रमुख नै जिम्मेवार हुने व्यवस्था छ । यस आर्थिक वर्षमा पालिकाले पानी तथा विजुली शीर्षकमा रू. २,६२,३००.२५ खर्च लेखेको पाइयो । यस शीर्षकमा भएको खर्चको नमुना परीक्षण गर्दा भौचर नं. ९० मिति २०८१।९।५ मा विद्युतको महसुल भुक्तानी गर्दा रू. १०६४ जरिवाना समेत भुक्तानी गरेको छ । अतः आगामी दिनमा जरिवाना रकम भुक्तानी गरेमा भुक्तानीकर्ताबाट असुल गर्ने तथा बिलबमोजिमको महसुल तोकिएको समयमा भुक्तानी गर्दा प्राप्त हुने रिवेट (छुट) लिने गरी भुक्तानी गर्नुपर्दछ ।

५५ **बैठक भत्ता (करार कर्मचारी छनोट)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा गाउँपालिका तथा नगरपालिकाले नेपाल सरकारले निर्धारण गरेबमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षकसम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने र दफा ७३(७) मा कार्यपालिकाले सभाबाट स्वीकृत सिमा र शीर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था छ । त्यस्तै, संघीय ससर्त कार्यक्रमको खर्च तोकिएको शीर्षकभन्दा बाहिर खर्च गर्न हुदैँन । पालिकाले गरेको खर्चको नमुना परीक्षण गर्दा देहायबमोजिम संघीय ससर्त कार्यक्रमतर्फ फरक खर्च शीर्षकबाट खर्च गरेको पाइयो । यसरी फरक खर्च शीर्षकबाट हुने खर्चलाई पूर्ण रूपमा नियन्त्रण गर्दै उल्लिखित खर्च रकम नियमित हुनुपर्दछ ।

क्र.सं.	ब.उ.शी.नं.	भौ.नं./मिति	खर्च शीर्षक	खर्चको विवरण	खर्च रू.
१	संघीय ससर्त चालु	१४२- २०८०।१०।२४	२११११- कर्मचारीको पारिश्रमिक	बैठक भत्ता (करार कर्मचारी छनोट)	३०६००
२	संघीय ससर्त चालु	४४- २०८०।७।१	२११११- कर्मचारीको पारिश्रमिक	विविध खर्च	५९८९०
जम्मा रू.					९०४९०

अनियमित भएको	९०,४९०

५६ **मसलन्द सामाग्री**

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ५०(१) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा नियम ३६(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च रकम पुष्टि गर्ने बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस आ.व. मा कार्यालय तथा समलन्द सामग्रीमा रू. ४०,७०,०००.०० विनियोजन भएकोमा रू. ३३,३९,९६९.०० खर्च गरेको देखिन्छ। यसरी गरिने खरिद कार्यमा सार्वजनिक खरिद ऐन तथा नियमावलीको व्यवस्था बमोजिम खरिद कार्य सुरु गर्दा माग फाराम भरी अधिकार प्राप्त अधिकृतबाट स्वीकृत गराई मात्र खरिद कानुनअनुसार प्रतिस्पर्धात्मक रूपमा खरिद कार्य गर्नुपर्दछ । पालिकाले अधिकांश खरिद कार्य सोझै खरिद गरेको छ भने मागको आधारमा भन्दा पनि बजेट रकमको आधारमा खरिद कार्य गरेको छ । आगामी दिनमा सामग्री आवश्यकताको माग सङ्कलन गरी प्रतिस्पर्धात्मक रूपमा खरिद कार्य गर्नुपर्दछ ।

५७ **अनुगमन तथा मूल्याङ्कन**

गाउँ तथा नगर सभाका सदस्यहरूको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ८ र भ्रमण खर्च नियमावली २०६४ मा भ्रमण आदेश स्वीकृत गर्दा भ्रमणको उद्देश्य, कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल समेत उल्लेख गर्नुपर्ने र भ्रमणबाट फर्किएको तीन दिनभित्र भ्रमणबाट प्राप्त उपलब्धिको व्यहोरासहितको भ्रमण प्रतिवेदन पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष पदाधिकारी तथा कर्मचारी भ्रमण खर्चमा रू. ८,९४,०९८.००, अनुगमन तथा मूल्याङ्कन खर्चमा रू. ११,९१,३९८.०० र फिल्ड भत्तामा रू. ८,७४,४००.०० गरी जम्मा रू. २९,५९,८९६.०० खर्च भएको पाइयो । यसरी हुने खर्चलाई प्रमाणित गर्ने स्वीकृत भ्रमण आदेशमा भ्रमणको उद्देश्य स्पष्ट नभएको, भ्रमण अभिलेख व्यवस्थित रूपमा नराखिएको र भ्रमणबाट प्राप्त उपलब्धिको व्यहोरासहितको भ्रमण प्रतिवेदन पेस भएको छैन । ऐनको व्यवस्थाअनुसार भ्रमण किफायती, उद्देश्यमुलक तथा भ्रमणको आवश्यकता भएमा मात्र आदेश गर्ने तथा सो को भ्रमण प्रतिवेदन पेस गर्नुपर्दछ ।

५८ **ईन्धन**

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्नेसम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ र गण्डकी प्रदेश खर्चको मापदण्ड २०७९ मा सवारी साधनको किसिम इन्धन मर्मत खर्चमा एकरूपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनुपर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने, सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्नेजस्ता व्यवस्था छ । यस कार्यालयमा चार पाङ्ग्रे १ र मोटरसाइकल/स्कुटर २८ रहेकोमा यो वर्ष इन्धन कार्यालय प्रयोजनमा रू. ७ लाख ९ हजार खर्च भएको छ । पालिकाले इन्धन खर्चको मितव्ययीताका लागि मापदण्ड तर्जुमा गरेको छैन । इन्धन खर्चलाई मितव्ययी तथा उत्पादनमुखी बनाउन इन्धन खर्च मापदण्ड निर्माण गर्ने तथा कोटा निर्धारण गरी लगबुक राखेर मात्र ईन्धनको प्रयोग र खर्च गर्नुपर्दछ ।

५९ **सवारी साधन मर्मत**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६ अनुसार कार्यालयले कुनै पनि मालसामानको मर्मत गर्नु पर्दा कार्यालय प्रमुखलाई लिखित जानकारी दिइ मर्मत आदेश तयार गर्ने, सो को लागत अनुमान तयार गर्ने र सो स्वीकृत भएपश्चात् नियमावलीमा भएको व्यवस्थाबमोजिम मालसामान मर्मत गरी पाँच हजारभन्दा बढी मूल्य पर्ने उपकरण वा पाटपूर्जाको अभिलेख राख्नुपर्ने र त्यस्ता पाटपूर्जा उपकरण प्राविधिकबाट प्रमाणित गराई नियमानुसार जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न सवारी साधन र इलेक्ट्रोनिक्स सामग्रीको मर्मत गर्दा लागत अनुमान बेगर फर्मको बिलका आधारमा सवारी साधन मर्मत खर्च शीर्षकबाट रू. १८,८८,१९४.०० र मेशिनरी तथा औजार मर्मत सम्भार तथा संचालन खर्च शीर्षकबाट रू. ५,८४,२६६.०० गरी जम्मा रू. २४,७२,४६०.०० खर्च गरेको छ । यसरी विभिन्न सवारी साधन र इलेक्ट्रोनिक्स सामग्रीको मर्मत गर्दा लागत अनुमान र मर्मत सम्भार अभिलेख तयार गरेको छैन । आगामी दिनमा सवारी र मेशिनरी उपकरणको मर्मत सम्भार गर्दा लागत अनुमान तयार गर्ने र मर्मत सम्भार अभिलेख राखि मर्मत खर्चमा मितव्ययिता अपनाउनुपर्दछ ।

६० **सफ्टवेयर खरिद र परिचालन**

सार्वजनिक खरिद नियमावली, 2064 को नियम 3 अनुसार सार्वजनिक निकायले कुनै खरिद कार्य गर्दा आवश्यक्ताको पहिचान, खरिद विवरण, परिणाम र क्षेत्र यकिन गरी लागत अनुमान तयार गरेर विभिन्न ३ सफ्टवेयरहरूमा गत वर्षसम्म रू. ९,७६,०७०.०० भुक्तानी गरेकोमा यो वर्ष कोड फ्युजन टेक्नोलोजिज प्रा. लि. (६०६६४२२८२) बाट वेबमा आधारित दर्ता चलानी र सिफारिस प्रमाणित सफ्टवेयर निर्माणसम्बन्धी सफ्टवेयर रू. ४,९८,२१७.०० मा खरिद गरी हालसम्म रू. १४,७४,२८७.०० भुक्तानी गरेको छ । ती सफ्टवेयरको खरिदको अतिरिक्त वार्षिक मर्मत सुधारमा गत वर्षसम्म रू. ५६,५००.०० खर्च गरेको छ भने यो वर्ष खर्च गरेको छैन । सफ्टवेयर खरिदको आवश्यकता यस्तो लागत अनुमान त्यसको पूर्ण प्रयोग,उक्त सफ्टवेयर सञ्चालनको स्वीकृति र सफ्टवेयर अडिट गरेको छैन । उक्त सफ्टवेयर प्रयोगमा आन्तरिक जनशक्ति परिचालन भन्दा पनि बाह्य परामर्श दाता माथि निर्भर रहेको छ । तसर्थ, यस्ता सफ्टवेयर खरिद प्रयोग र वार्षिक मर्मत सुधार खर्चमा मितव्ययिता ल्याउने र त्यसको नतिजालाई सेवा प्रवाहसँग आवद्ध गराउने व्यवस्था मिलाउनुपर्दछ ।

६१ **परामर्स तथा डि.पी.आर. खर्च**

सार्वजनिक खरिद ऐन, २०६३ को नियम ८.९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरि परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यक्ताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ । यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले सम्भव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयले सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदनलगायतमा यो वर्ष रू. ४५,८२,०६०.०० खर्च गरेको छ भने गत वर्षसम्म के कतिको परामर्श सेवा खरिद गरेको हो सो को विवरण प्राप्त हुन सकेन । यसरी परामर्श सेवा खरिद गर्दा सो को आवश्यकता, खरिदमा मितव्ययिता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन। यस्ता परामर्श सेवा तथा प्रतिवेदन खरिद गर्दा ती आयोजना एवम् कार्यक्रमको लागि बजेट व्यवस्था गरेर कार्यान्वयनमा जाने विषयमा समेत कार्यक्रमले ध्यान पुर्‍याएको छैन । प्रत्येक वर्ष अध्ययन गर्दै जाने, प्रतिवेदनको गुणस्तर र कार्यान्वयनको सुनिश्चितता पनि नगरिएको अवस्थामा सुधार एवम् नियन्त्रण गर्न यस्ता खर्चका सम्बन्धमा ध्यान पुर्याउनु पर्दछ। यस कार्यालयले यो वर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

कार्य विवरण	परामर्श दाता	स्वीकृत रकम भ्याटसहित	खर्च रकम भ्याटसहित	अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत
बगर खोला बेलि ब्रिज निर्माण	Eagles Solutions Pvt. Ltd., Kathmandu	८५६५०४	८४४११०	३९६२२९८१
चौरखानी कुइने मोटर बाटो निर्माण	Astra Engineering Consultancy Pvt. Ltd., Kathmandu	४९५००२	४८९२९०	६१७२४८५४
तातोपानी कुण्ड निर्माण	Aero Consultancy Pvt. Ltd., Lalitpur	४९९४४७	४९४९४०	९५९२५७
बतासे डाँडा दोसल्ले झोलुङ्गे पुल निर्माण	Kanjirowa Engineering Solutions Pvt. Ltd., Kathmandu	३८१८३२	३७२९००	१०२४७७२८७
घण्टीवाङ झाके मोटरेवल पुल निर्माण	Barbarn Engineering Consultancy Pvt. Ltd., Kathmandu	९७३००६	९६०५००	६६५०००९
आवधिक योजना निर्माण	सस्टेनेवल रिसर्च डेभलपमेन्ट एण्ड म्यानेजमेन्ट कन्सल्ट प्रा. लि., कास्की	१५०००००	१४२०३२०	
जम्मा:		४७०५७९१	४५८२०६०	२११४३४३८८

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डि.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनुपर्दछ । साथै, यसरी तयार भएका अध्ययन प्रतिवेदनमध्ये केही आयोजनाहरूको कार्यान्वयनका लागि आवश्यक बजेट व्यवस्था हुन नसकेको देखिदाँ आगामी दिनमा उक्त आयोजनाहरूमा आवश्यक बजेटको व्यवस्था गरी आयोजना कार्यान्वियन गर्नु गराउनुपर्दछ ।

६२ डिपिआर (बिस्तृत आयोजना प्रतिवेदन) तथा सम्भाव्यता अध्ययन प्रतिवेदनहरुको कार्यान्वयन स्थिति

बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । कार्यालयबाट प्राप्त विवरण अनुसार विगत बर्षहरु र यस वर्ष गरी कुल २८ वटा आयोजनाको डि.पि.आर. (बिस्तृत आयोजना प्रतिवेदन) तथा परामर्श सेवा खरिद गरेकोमा हालसम्म ४ वटा आयोजनाहरु मात्र कार्यान्वियन तहमा गएको छ । साथै कार्यालयबाट तयार भएका डिपीआर जिन्सी दाखिला भएको समेत देखिएन । तसर्थ कार्यालयले डि.पि.आर. तथा सम्भाव्यता अध्ययन प्रतिवेदनहरुको कार्यान्वयन गराउनुपर्दछ ।

आ.व. २०७९।८० सम्म		आ.व. २०८०।८१		कार्यान्वियनमा आएको	कार्यान्वियनमा नआएको
आयोजना संख्या	कुल खर्च रकम	आयोजना संख्या	कुल खर्च रकम		
२२	१२१३३०८७.७०	४	३१६१७४०	५	२१

(विस्तृत विवरण बेरूजु दफा ६२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

६३ अभिलेख व्यवस्थापन

स्थानीय तहमा स्वास्थ्य सम्बन्धि कार्यक्रम सञ्चालन मार्गदर्शन, २०८०।८१ मा स्थानीय तहबाट सञ्चालन भएका स्वास्थ्य कार्यक्रमको स्पष्ट रुपमा अभिलेख राखि प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था उल्लेख छ । सञ्चालन गरेका स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुको अभिलेख तथा प्रगति प्रतिवेदन पूर्ण रुपमा नराखेकोले समयमा प्रतिवेदन पेश गर्नेतर्फ अभिलेख व्यवस्थापन तिर ध्यान दिनुपर्ने देखिन्छ ।

६४ छात्रवृती तथा पाठ्यपुस्तक वितरण

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ अनुसार छात्रवृत्ति तथा पाठ्यपुस्तक दोहोरो नपर्ने गरी वितरण गर्ने व्यवस्थाका लागि कार्यालयले अनुगमन गर्नुपर्दछ । कार्यालयले यस आ.व. मा १२ विद्यालयहरूलाई छात्रवृत्तिबापत रू. ४५,२८,०००.०० निकासा

दिएको छ । तर उक्त निकासा रकम तोकिएको प्रक्रियाअनुसार वितरण भए नभएको तथा दोहोरो परे नपरेको सम्बन्धमा कार्यालयले अनुगमन गरेको छैन । जसबाट सो रकमको सही उपयोग सम्बन्धमा सुनिश्चित हुने आधार देखिएन । त्यसैले कार्यालयबाट निकासा हुने रकम दोहोरो नहुने तथा तोकिएबमोजिम वितरण गर्ने व्यवस्थाका लागि निरन्तर अनुगमन तथा मूल्याङ्कन हुनुपर्दछ ।

६५ **पाठ्यपुस्तक अनुदान**

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०⁄८१ क्रियाकलाप ३.१ प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक अनुदानबापत ३३ वटा विद्यालयलाई रू. १४,६९,९६७.९२ निकासा दिएकोमा यससम्बन्धमा निम्न व्यहोराहरू देखिएका छन्

• IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तहअन्तर्गत् सञ्चालित सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मका विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको सङ्ख्या यकिन गर्नुपर्ने सत्यापन नगरी विद्यालयले पेस गरेको विद्यार्थी विवरणका आधारमा निकासा गरको छ ।

• विद्यार्थीले शैक्षिक सत्रको सुरुवात मै पूरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चितता गर्ने कार्य पालिकाले गरेको छैन ।

६६ **विद्यालयगत निकासा रजिस्टर्ड**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले तोकिएको ढाँचामा विद्यालयगत माग र निकासा खुल्ने विवरण तयार गरी राख्नुपर्नेमा सो बमोजिम राखेको पाइएन । जसले गर्दा पालिकाले विद्यालयहरूलाई निकासा दिएको रकम विद्यालयले माग गरेबमोजिम भए नभएको र विद्यालयको माग सही भए नभएको सम्बन्धमा यथार्थता परीक्षण गर्न सकिएन । यसर्थ, पालिकाले विद्यालयगत रजिष्ट्रर किताब नराखेको हुँदा विद्यालयलाई वास्तविक रूपमा निकासा दिनुपर्ने र दिएको रकमबारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकोले विद्यालयगत निकासा रजिस्टर्ड खाता अद्यावधिक गरी राख्नुपर्दछ ।

६७ **शैक्षिक प्रतिवेदन**

अनिवार्य तथा निशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ को दफा ३६(१) मा प्रत्येक गाउँपालिकले गाउँ सभामा आफ्नो क्षेत्रभित्रका सार्वजनिक तथा निजी विद्यालय र त्यस्ता विद्यालयमा अध्ययन गर्ने बालबालिकाको संख्या, आधारभूत तहमा विद्यालयमा भर्ना भएका बालबालिकाको संख्या, विद्यालय भर्ना भई आधारभूत तहको शिक्षा पूरा गरेका बालबालिका संख्या, विद्यालय भर्ना भई त्यस वर्ष आधारभूत तहको शिक्षा पूरा नगरी विद्यालय छाडेका विद्यार्थीको संख्या, आधारभूत/माध्यमिक शिक्षाको लागि विनियोजित रकम र त्यसको स्रोत र अन्य आवश्यक कुरासहितको प्रतिवेदन पेस गर्नुपर्ने व्यवस्था छ । उपदफा (२) मा उपरोक्तअनुसारको प्रतिवेदन जानकारीका लागि शिक्षासम्बन्धी विषय हेर्ने संघीय र प्रादेशिक मन्त्रालयमा समेत पठाउनुपर्ने उल्लेख छ । गाउँपालिकाले कानुनमा व्यवस्था भएबमोजिम प्रतिवेदन पेस गरेको देखिएन ।

६८ **शिक्षक विद्यार्थी अनुपात**

विद्यालय समायोजन कार्यान्वियन निर्देशिका, २०७० मा न्यून विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिले बन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ । साथै, बुँदा नं. १४.१ मा विद्यालय समायोजनसम्बन्धी कार्यक्रम कार्यान्वियनका लागि विद्यालयको तथ्यांक संकलन गरी सम्भाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छ ।

शिक्षक दरबन्दी	शिक्षक पदपूर्ति	पदपूर्ति मध्ये करार	विद्यार्थी संख्या
१८४	१८३	५२	२५०१

६९ **ओजिटि बापतको रकम** (१८१-२०८०-१२-७):

शैक्षिक कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०/०८१ को बुँदा नं. २.६ मा कक्षा ९-१२ सम्मका विद्यार्थीहरूको शिक्षण सिकाई सामग्री तथा ल्याब असिस्टेन्ट, उपकरण तथा प्रयोगात्मक सामग्री तथा व्यवहारिक अभ्यासका लागि प्रति विद्यार्थी वार्षिक रू.१५०००/- एक मुष्ट अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले कक्षा ९-१२ प्राविधिक धारमा अध्ययनरत मुक्तीधाम माविका ८० जना विद्यार्थीलाई प्रति विद्यार्थी रू. १५,०००.०० का दरले रू. १२,००,०००.०० गरेको छ । खर्चको सदुपयोगको सुनिश्चितताका लागि कार्यक्रम कार्यन्वयन पुस्तिकाको व्यवस्थाबमोजिम सूचकसहितको प्रगति प्रतिवेदन तथा विद्यालयले भरेको शैक्षिक तथ्याङ्क पेस गरेको आधारमा अनुदान निकासा दिने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ । निर्देशिकाअनुसार विद्यालयले विद्यार्थीहरूलाई ६ महिनाको ओ.जि.टी. बापतको रकम विद्यार्थीलाई नै प्रति महिना रू. १००० का दरले सम्बन्धित विद्यार्थीको बैङ्क खातामा गर्नुपर्नेमा सोअनुसार गरेको छैन । अतः विद्यालयका ८० जना विद्यार्थीको प्रति महिना रू. १००० का दरले ६ महिनाको रू. ४,८०,०००.०० सम्बन्धित विद्यार्थीको बैङ्क खातामा जम्मा गरेको प्रमाण पेस गर्नुपर्दछ ।

प्रमाण पेश नगरेको	४,८०,०००

७० **विद्यालयको नियमन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सो को बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमनसम्बन्धी कानुनी व्यवस्था छ । पालिकाले यस पालिकाअन्तर्गतका समुदायिक विद्यालयले विद्यालय लेखा दिग्दर्शनबमोजिम नगदी तथा जिन्सीको लेखा राखे नराखेको, कट्टी गरेको कर राजस्व खातामा दाखिला गरे नगरेको, कट्टी गरेको नागरिक लगानी कोष, कर्मचारी सञ्चय कोष सम्बन्धित खातामा दाखिला भए नभएको, विद्यालय लेखापरीक्षणबाट देखिएको बेरुजु फछ्यौंट गरे नगरेको र नेपाल सरकारको २०७५।३।३२ को निर्णयबमोजिम विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको पारिश्रमिक सुविधाको भुक्तानी अनिवार्य रूपमा बैङ्क खातामार्फत् भए नभएको नियमन गरी प्रतिवेदन गरेको देखिएन ।

७१ **औषधी खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१क) मा पच्चीस लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान त्यस्तो मालसामानको उत्पादकले राष्ट्रियस्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने र यसरी सोझै खरिद गर्दा उपलब्ध भएसम्म नेपाल गुणस्तर चिन्ह प्राप्त मालसामान खरिद गर्नुपर्ने व्यवस्था छ । सूत्रबाट प्राप्त विवरणअनुसार पालिकाले यो वर्ष ससर्त र पालिकाको विनियोजित बजेटबाट दुई पटक गरी रू. १४,१७,२५५.०० को औषधीजन्य सामग्रीहरू र रू. ९,८०,०००.०० को पशुजन्य औषधी खरिद गरेको छ । यससम्बन्धमा देखिएका अन्य व्यहोराहरू देहायबमोजिम रहेका छन्-

• पालिकालाई आवश्यक पर्ने औषधी पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नुपरेमा सोअनुसार नगरेको ।

• औषधीजन्य सामग्रीको लागत अनुमान तयार गर्दा उत्पादकले राष्ट्रियस्तरको समाचारपत्रमा सूचना प्रकाशन गरेको बिक्री मूल्यअनुसार तयार गर्नुपर्नेमा सोअनुसार लागत अनुमान तयार नगरेको ।

• तीन वटा फर्मबाट दररेट माग गरी सबैभन्दा कम कबोल गर्ने फर्मसँग खरिद गरिएको ।

• आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख गर्नुपर्नेमा सोअनुसार चेकजाँच नगरेको ।

• आपूर्ति भएका औषधीको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्नेमा सोअनुसार विवरण नराखेको ।

• पालिकाले प्राप्त औषधीजन्य सामग्रीको वितरण, उपयोग र बाँकी मौज्दातको विवरण यकिन गर्न सकिएन ।

अत: पालिकाले आगामी दिनमा औषधीजन्य मालसमान खरिद गर्दा कानुनी व्यवस्थाबमोजिम प्रतिस्पर्धात्मकरूपमा खरिद गर्ने तथा खरिद गरिएको औषधीको उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधी खरिद तथा उपयोगलाई व्यवस्थित बनाउनुपर्दछ ।

७२ **स्यानिटरी प्याड**

यस गाउँपालकाले सामुदायिक विद्यालयका लागि निशुल्क स्यानिटरी प्याड व्यवस्थापन शीर्षक अन्तर्गत रू. ४९१७७३।०० खर्च गरेको छ । कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.२३ मा सामुदायिक विद्यालयका छात्राहरूलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापनका लागि प्रति विद्यार्थी अनुदान अन्तर्गत कक्षा ६ देखि १२ सम्मका छात्राहरूलाई प्रति महिनावारी बढीमा २ प्याकेटका दरले विद्यालयले उपलब्ध गराउनुपर्ने र खरिद गरेको स्यानिटरी प्याडको गुणस्तरमा असर नपर्ने गरी सुरक्षित राख्नुपर्ने व्यवस्था छ । यसमा देखिएका व्यहोराहरू देहायबमोजिम छ ।

• पालिकाले लक्ष्मी ट्रेडर्सबाट ५२३२ संख्यामा ८३.१८ (भ्याट बाहेक) का दरले स्यानिटरी प्याड खरिद गरी विद्यालयलाई नै निकासा गरेको छ । उक्त प्याट गुणस्तर परीक्षण नगरेको देखिँदा खरिद गर्दा नै गुणस्तर परीक्षण गरिनुपर्दछ ।

• स्यानिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि २०७६ को परिच्छेद ५ दफा १४ मा उपाध्यक्षको संयोजकत्वमा सेनिटरी प्याड वितरण तथा व्यवस्थापन समिति रहने र दफा १५ बमोजिमको कार्य गर्नुपर्ने व्यवस्था भएकोमा सो बमोजिम अनुगमन तथा समन्वय भएको पाइएन । साथै विद्यालयबाट सेनिटरी प्याड वितरणको प्रगति विवरण गरी अभिलेख राख्नुपर्दछ ।

७३ अनुगमन मूल्याङ्कन

कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०।८१ मा सामुदायिक विद्यालयलाई निकासा दिएको अनुदान रकम विद्यालयले तोकिएको कार्यमा खर्च भए नभएको सम्बन्धमा पालिकाले अनुगमन गर्नुपर्ने व्यवस्था छ । पालिकाले सामुदायिक विद्यालय अनुगमन गर्नका लागि मापदण्ड तयार गरेको छैन । अतः मापदण्ड तयार गरी सोहिबमोजिम अनुदान रकम तोकिएको कार्यमा खर्च भएको छ/छैन र दोहोरो निकासा भए/नभएको सम्बन्धमा सुनिश्चित गर्नुपर्दछ ।

७४ प्रधानमन्त्री रोजगार कार्यक्रम

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरूको विकासमार्फत् नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रूपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस वर्ष पालिकामा सूचीकृत भएका ८२३ जना श्रमिकमध्ये १२४ जना श्रमिकलाई रोजगार सृजना गरेको छ । उक्त कार्यक्रममा नेपाल सरकारबाट रू. २८,८०,०००/- र विश्व बैङ्कबाट रू.२८,१६,०००/- गरी जम्मा रू. ५६,९०,३६०/- प्राप्त भएको छ । पालिका अन्तर्गतका ८ वटै वडाहरूमा देहायका १८ योजना सञ्चालन गर्न रू. ५६,९८,७६०/- को लागत रहेकोमा १२४ जना श्रमिकलाई औसत ६६ दिनले ८०८५ दिन रोजगारी उपलव्ध गराई श्रमिकलाई रू. ५६,९०,३६०/- ज्याला गरेको छ । पालिकाको सबै वडामा समानरूपमा योजना छनोट गरी कार्यान्वियन योजनको कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

(विस्तृत विवरण बेरूजु दफा ७४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

७५ दरबन्दी

स्वास्थ्य चौकी तर्फ कुल ४२ जनाको स्थायी दरबन्दी रहेकोमा २८ जना स्थायी स्वास्थ्यकर्मीहरु कार्यरत रहेका छन् । त्यस्तै करार सेवामा १४ जना स्वास्थ्यकर्मी छन् । दरबन्दी बमोजिम मात्र पदपूर्ति गर्न सम्बन्धित निकायको ध्यान जानुपर्दछ ।

७६ न्यानो झोला कार्यक्रम

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा ससर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरूको मार्गदर्शन, २०७८ को दफा १३ (पृष्ठ-१५९) मा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरूले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष १०० थान न्यानो झोला खरिद गरेको र गत विगतको बाँकी ८९ थान गरी जम्मा १८९ थान न्यानो झोला मौज्दात रहेकोमा यो वर्ष ३५ थान न्यानो झोला खर्च भएको छ । यो वर्ष खर्च भई बाँकी रहेको १५४ थान न्यानो झोलामध्ये पालिका अन्तर्गतका चार बर्थिङ सेन्टरमा ५४ थान र पालिकाको भण्डारणमा १०८

थान मौज्दात रहेको छ । लामो समय भण्डारण गर्दा सामग्रीको गुणस्तरमा ह्रास आउने हुनाले माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्ने तथा सो को उपयोग हुनुपर्दछ ।

७७ **सवारी साधन बिमा**

गण्डकी प्रदेश खर्चको मापदण्ड, २०७९ खर्चको मितव्ययिता र प्रभावकारीतासम्बन्धी मार्गदर्शन दफा १७(६) सार्वजनिक निकायको नाममा रहेको वा आफ्नो निकायले प्रयोगमा ल्याएको सवारी साधनको नियमित रूपमा सवारी साधन कर तिर्नुपर्ने व्यवस्था छ । सयममै यो कर नतिरेका कारण भुक्तानी गर्नुपर्ने अतिरिक्त जरिवानाको जिम्मेवारी सम्बन्धित जिम्मेवार व्यक्तिले लिनुपर्ने व्यवस्था छ । कार्यालयले यस आ.व. मा सवारी साधन बिमा तथा नवीकरण खर्चबापत रू. ३,१६,३३५.०० भुक्तानी गरेको छ । कार्यालयले समयमै बिमा तथा नवीकरणण नगर्दा यस आ.व. मा रू. १३,९५०.०० जरिवाना समेत तिरेको पाइयो । यसरी जरिवाना रकम भुक्तानी गर्नुपर्दा कार्यालयलाई थप आर्थिक दायित्व बहन गर्नुपर्ने अवस्था रहन्छ । आगामी दिनमा कार्यालयले समयमा नै बिमा तथा नवीकरण कार्य गरी शुल्क भुक्तानी लिने र जरिवाना रकम नतिर्ने गरी सार्वजनिक खर्चलाई मितव्ययी र उद्देश्यमूलक बनाउनुपर्दछ ।

७८ **सार्वजनिक निर्माण व्यवस्थापन**

सार्वजनिक निर्माण व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोराहरू निम्नानुसार रहेका छन्-

निर्माण कार्यको लगतः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि सार्वजनिक निकायलाई प्राप्त भएको भौतिक संरचनाहरूको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा गाउँपालिकाले यस वर्ष सञ्चालन गरेको योजना निर्माण कार्यको लगत राखेतापनि विगत वर्षदेखि भएको कार्यको लगत अद्यावधिक गरेको देखिएन । यस पालिकाले गत विगत वर्षदेखि सञ्चालन भएको कार्यक्रमबाट निर्माण गरेको भौतिक संरचनाहरू समेतको लगत राख्ने व्यवस्था गरी निर्माण कार्यको लगत व्यवस्थापन गर्नुपर्दछ ।

कार्य सम्पन्न प्रतिवेदनः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ अनुसार परीक्षण गर्ने त्रुटि सच्याउने दायित्वको अवधि समाप्त नहुँदै कुनै त्रुटि देखिएमा सार्वजनिक निकायले सोको यकिन गरी समयमा नै दाबी गर्नुपर्ने व्यवस्था गरेको छ। त्रुटि सच्याउने दायित्वको अवधि समाप्त भएपछि त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेको छ । तर कार्यालयले सो अनुसार कार्य सम्पन्न प्रतिवेदन तयार गरेको देखिएन।

गुणस्तर परीक्षणः सार्वजनिक खरिद तथा निर्माण संझौता कार्यान्वयन गर्दा सामान आपूर्तिमा तथा निर्माणमा गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ । कार्यालय अन्तर्गत सञ्चालित विभिन्न ठेक्काहरूमा प्रयोग हुने निर्माण सामग्रीहरू रड, सिमेन्ट, गिट्टी, बालुवा, ढुङ्गा, जि.आई.वायर तथा क्युब समेतको गुणस्तर परीक्षण ठूला केही ठेक्काहरूमा गरेको प्रमाण पेस भए पनि अधिकांश साना ठेक्काहरू र उपभोक्ता समितिहरूबाट भएका निर्माण कार्यको परीक्षण भएको पाइएन । जसबाट सार्वजनिक निर्माणमा प्रयोग भएका सामग्रीहरू तथा निर्माण कार्यको गुणस्तर सम्बन्धमा आस्वस्थ हुन सक्ने अवस्था छैन ।

ठेक्का फाइलको स्थितिः परीक्षण गरिएका ठेक्का फाइलहरूमा लागत अनुमान, बोलपत्र कागजातको स्वीकृती बोलपत्रको सूचना, बोलपत्र दाखिलाको मुचुल्का प्राविधिक परीक्षण, वित्तीय परीक्षणलगायत तुलनात्मक तालिका, मूल्याङ्कन समितिको सिफारिस, बोलपत्र स्वीकृती, बैङ्क जमानत, बिमा आदि सम्पूर्ण कागजात क्रमवद्ध रूपमा रहनुपर्नेमा तद्अनुसार राखिएको छैन । बोलपत्रको मुचुल्का र तुलनात्मक तालिका आदिमा प्रत्येक पानामा उपस्थित पदाधिकारीको दस्तखत नगराई किताबमा टाँस गरी राखेको छ । गाउँपालिकाले ठेक्काको लगतसमेत तयार गरेको छैन । अत: गाउँपालिकाले ठेक्काको लगत राखि ठेक्का व्यवस्थापनका कागजात तथा अभिलेख व्यवस्थित किसिमले राखिनुपर्दछ ।

लागत सहभागिताः गाउँपालिकाले आयोजना कार्यक्रम छनोट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता बापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर गाउँपालिकाले

लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको योजनाहरू न्युन देखियो। अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

निर्माण कार्यको ड्रइङ डिजाइन: सार्वजनिक खरिद ऐन, २०६३ को नियम दफा ४ मा सार्वजनिक निकायले निर्माण कार्य गर्नु अघि नक्सा, डिजाइन र स्पेसिफिकेसन तयार गर्नुपर्ने र दफा ५क. मा लागत अनुमान र नक्सा, डिजाइन तथा स्पेसिफिकेशन स्वीकृत गराउनु पर्ने व्यवस्था छ । गाउँपालिकाले निर्माण गरेका कार्यहरू को नक्सा डिजाइन स्वीकृत गराएको देखिएन र निर्माण कार्यहरूको आंशिक मात्र नक्सा तयार गरेकोमा प्राविधिकले सफ्ट कपी मात्र राखेको देखियो । कार्यालयले सम्पूर्ण निर्माण कार्यहरू नक्सा अनिवार्य रूपमा तयार गरी सोको हार्ड कपी स्वीकृत गराउनु पर्नेमा नगराएको सम्वन्धमा विश्वस्त हुन सकिएन । यसमा सम्वन्धित प्राविधिक कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ । अतः कार्यालयले नियमानुसार नक्सा, डिजाइन र स्पेसिफिकेसन तयार गरी स्वीकृत गराउनुपर्दछ ।

७९ **बिमा**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा १० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्टलगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्चलगायत उपनियम २ मा लेखिएदेखि बाहेक सम्पूण जोखिम वहन गर्ने गरी बिमा गराउनुपर्ने तथा बिमा गराएर मात्र निर्माण कार्य गराउनुपर्ने व्यवस्था छ । पालिकाले साना ठेक्काहरूमा बिमा नै नगराइ निर्माण कार्य गराएको तथा पेस्की रकम उपलब्ध गराएको एवम् तोकिएको समयमा नै निर्माण कार्य सम्पन्न गर्न नसेकेको कारण उक्त लगानी जोखिममा परेको देखिन्छ । यसरी बिमा नगराइ नियमावलीले गरेको व्यवस्था विपरीत खरिद सम्झौता गर्ने पदाधिकारीलाइ जिम्मेवार बनाई बिमा गरेर मात्र निर्माण कार्य गर्नु गराउनुपर्दछ ।

८० **प्रदेश समपूरक अनुदान**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले बीस लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुल्ला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष प्रदेश समपूरक अनुदानमा पाखापानी रायखोर घ्यासिखर्क सडक, वडा नं. ६ निर्माण कार्यलाई प्राप्त भएको योजना तथा कार्यक्रम ठेक्कामार्फत् नगरी देहायको उपभोक्ता समितिसँग रू. ९५,०३,१७७.६६ मा सम्झौता गरी कार्यसम्पन्न गराएको छ । प्रतिवेदनअनुसार रू. ७४२४०५२.०० को कार्यसम्पन्न भएकोमा उपभोक्ता समितिलाई रू. ६६,७८,५८२.०० गरेको छ । आगामी दिनमा यस्ता योजनाहरू ठेक्कामार्फत् प्रतिस्पर्धात्मक रूपमा खरिद कार्य गरिनुपर्दछ ।

क्र.सं.	ब.उ.शी.नं.	भौ.नं. रमिति	योजना/ उपभोक्ता समितिको विवरण	सम्झौता रू.	कार्यसम्पन्न रू.	उ.स.लाई रू.
१	प्रदेश समपूरक पूँजीगत	४-०८१।३।२२	पाखापानी रायखोर घ्यासीखर्क सडक निर्माण, वडा नं. ६	९५९३१७७	७४२४०५२	४०४२२००
२	पालिका पूँजीगत	२४१- ०८१।३।२२				२६३६३८२
जम्मा रू.				९५९३१७७	७४२४०५२	६६७८५८२

८१ **कुकरभुक्ने वेलिवृज निर्माण**

सार्वजनिक खरिद ऐनको दफा ५४ र नियमावलीको नियम ११८ मा भेरिएसन आदेश जारी गर्ने व्यवस्था छ । त्यस्तै, नियमावलीको नियम १२० अनुसार म्याद थप गरेर कार्य गर्न सक्ने व्यवस्था छ। लागत अनुमान रू. ५२,८४,३०८.०० र उपभोक्ता समितिको योगदान रू. ५,३४,३०८.०० हुने गरी वेलिवृज निर्माण कार्यको लागि उपभोक्ता समितिसँग गाउँपालिकाले मिति २०८०।१२।२० सम्पन्न गर्नुपर्ने गरी सम्झौता भएको देखिन्छ । उक्त निर्माण कार्य समयमै सम्पन्न हुन नसकेको जनाई मिति २०८१।२।३० सम्मका लागि म्याद थप भई कार्य भएकोमा मिति २०८१।३।२४ कार्यसम्पन्न प्रतिवेदन अनुसार रू. २१,०२,५२५.३८ मात्र कार्य भएको छ । समयमै कार्यसम्पन्न नगरेको र थपिएको समयमा समेत पुरा कार्य गर्न नकिएको देखिएकोमा कार्यालयले आवश्यक कारवाही गरेको छैन ।

पुरै कार्यसम्पन्न नहुँदा निर्माण कार्यले अपेक्षित उपलब्धि र सेवा प्रवाह नगर्ने हुँदा सम्बन्धित समिति र पदाधिकारीलाई जिम्मेवार बनाई बाँकी कार्यसम्पन्न गर्ने गराउनुपर्दछ ।

८२ **कन्टिन्जेन्सी खर्च**

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची-१ तोकिएको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कण्टिन्जेन्सीबापत थप गर्ने व्यवस्था रहेको छ । महालेखा नियन्त्रक कार्यालयले तयार गरेको आर्थिक सङ्केत वर्गीकरण र व्याख्याअनुरुप अर्थ मन्त्रालयबाट बजेट विनियोजन हुने इन्धन, सूचना प्रकाशन, भ्रमण खर्च, मर्मत, ज्याला लगायतका कार्यमा खर्च गर्नुपर्ने उल्लेख छ । आयोजनाको लागत अनुमान स्वीकृत गर्दाको समयमा नै कन्टिन्जेन्सी बापत छुट्टयाईएको रकमको हकमा कन्टिन्जेन्सी रकम खर्च गर्ने कार्यविधि, २०७७ को अनुसूची-१ बमोजिमको वर्क चार्ज स्टाफ खर्च र अन्य साना तिना खर्चको लागि के कस्तो कार्यमा के कति खर्च हुने हो सो को समेत अनुमानित लागत तयार गर्नु पर्ने उल्लेख छ । कार्यालयले यस वर्ष विभिन्न योजनाहरुमा कट्टी भएको कन्टिन्जेन्सी वापत रु १५,५६,५३७ खर्च गरेकोमा उक्त कन्टिन्जेन्सी खर्च गर्ने कार्यविधि बनाएको छैन । कार्यालयले नियममा भएको प्रक्रिया पुर्‍याई कन्टिन्जेन्सी खर्च गर्नुपर्दछ ।

(विस्तृत विवरण बेरूजु दफा ८२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

८३ **आद्योगिक ग्राम निर्माण**

औद्योगिक ग्राम घोषणा तथा सञ्चालनसम्बन्धी कार्यविधि, २०७५ मा स्थानीय उत्पादन र उत्पादकत्व अभिवृद्धि र आन्तरिक रोजगारी सिर्जना गर्ने उद्देश्यका साथ औद्योगिक ग्राम स्थापना गर्न सकिने उल्लेख छ । यस गाउँपालिकाले औद्योगिक ग्राम निर्माण कार्यको लागि लागत अनुमान रू. ९६,६१,०८६.२४ तयार गरी बोलपत्र सूचना आवह्वान गरेकोमा उक्त आयोजनालाई २८.८५ प्रतिशत घटी कबोल गर्ने मुक्तीनाथ बगैँचा निर्माण सेवाले रू. ६८,९८,७०९.९९ (पिएस र भ्याट समेत) मा काम गर्ने गरी मिति २०८०।३।२० मा सम्झौता गरेको छ । यससम्बन्धमा देखिएका ब्यहोराहरु देहायबमोजिम रहेका छन्-

- उक्त निर्माण कार्य मिति २०८०।७।१५ मा सम्पन्न गर्नुपर्नेमा पटक पटक गरी मिति २०८१।२।३० सम्म म्याद थप गरेको देखिन्छ । पहिलो विलमा रु २२,५०,५९०, दोस्रो विलमा रु ९,०५,५४२ र तेस्रो विल रु २७,३०,७३७ गरी जम्मा रु.५८,८६,८६९।०० भएको छ । कार्यालयले पुरै कार्य नगरी नै कार्यसम्पन्न भएको भनि रु.५८,८६,८६९।०० को कार्यसम्पन्न प्रतिवेदन जारी गरेको देखिन्छ । सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम भेरिएसन आदेश जारी भएको समेत देखिएन ।
- सार्वजनिक खरिद ऐन २०६३ को दफा ५२ क मा सार्वजनिक निकायले खरिद सम्झौता पश्चात निर्माण व्यवसायीवाट अग्रिम बैङ्क जमानत लिई खरिद सम्झौता रकमको २० प्रतिशतमा नवढ्ने गरी पेश्की दिन सकिने व्यवस्था छ । पेश्की दिँदा पहिलो पटक स्वीकृत पेश्की रकमको आधामा नबढ्ने गरी र बाँकी रकम कार्य प्रगतिको आधारमा दिन सकिने व्यवस्था छ । यस गाउँपालिकाले निर्माण व्यवसायीलाइ मिति २०८०।६।२८ मा रु ६००००० मोविलाइजेसन पेश्की उपलव्ध गराएको छ । त्यसपछी मिति २०८०।६।१९ मा दोस्रो पेश्की रु ६००००० उपलब्ध गराएको छ । कार्यप्रगतिका आधारमा दोस्रो पेश्की उपलब्ध गराउनुपर्नेमा सोबमोजिम नगरेकोले यस विषयमा कार्यालयले ध्यान पुर्याउनुपर्ने देखिन्छ ।
- स्थलगत निरीक्षण गर्दा आद्योगिक ग्रामको घेरावारा कार्य भएकोमा सो पुरा नभएको, जग्गा प्लटिङको कार्य नभएको, सडक सञ्जालमा कच्ची बाटो जोडीएतापनि मर्मत सम्भारको अभावमा सडकको अवस्था कमजोर रहेको पाइयो ।
- छलफलका क्रममा औद्योगिक ग्राम निर्माणका लागि संघीय सरकारबाट पर्याप्त बजेट प्राप्त नभएकोले आयोजना सम्पन्न गर्न समस्या भएको जनाएको छ । समयमा प्रगति प्रतिवेदन बुझाउन नसकेकोले यो वर्ष बजेट प्राप्त नभएको कुरा समेत जानकारी प्राप्त भयो ।

  अतः आद्योगिक ग्राम स्थापना तथा सञ्चालन गरी अपेक्षित उपलब्धी हासिल गर्नका लागि सबै तहको बजेट स्रोत साधन र तत्परता हुनुपर्दछ ।

८४ सोझै खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा रू.१० लाख सम्मको मालसामान सोझै खरिद गर्न सकिने र नियम ८५ (१ख) एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । नियम ८ अनुसार वार्षिक खरिद योजना बनाई सो अनुसार सिलबन्दी दरभाउपत्र तथा बोलपत्रमार्फत् खरिद कार्य गर्नुपर्नेमा सो अनुसार प्रतिस्पर्धात्मक रूपमा खरिद गरेको छैन । पालिकाले यो वर्ष सोझै खरिद गरेको खर्चको नमुना परीक्षण गर्दा देहायबमोजिमका विभिन्न फर्महरूबाट रू. २६ लाख १४ हजारको खरिद गरी भुक्तानी गरेको छ । यसरी एकै प्रकृतीको कार्यलाई टुक्रा गरी फरक फर्मबाट सोझै खरिद गर्दा खरिदमा प्रतिस्पर्धा नहुने र खर्च मितव्ययी नहुने हुँदा आगामी दिनमा यस्तो खरिद कार्य बोलपत्रमार्फत् गरिनुपर्दछ ।

(विस्तृत विवरण बेरूजु दफा ८४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

८५ उपभोक्ता समितिको कार्य

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिमार्फत् कार्य गराउन सक्ने व्यवस्था छ । स्थानीय सरकार ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीय तहको अधिकार क्षेत्रभित्रको विकास निर्माण कार्य गर्नका गाउँपालिकाले उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धमा देखिएका ब्यहोरा देहायबमोजिम रहेका छन्-

• कार्यालयले योजना सञ्चालन एवम् कार्यान्वयनमा संलग्न उपभोक्ता समितिको अभिलेख अनुसूची १ बमोजिमको ढाँचामा व्यवस्थित गर्नुपर्नेमा गरेको छैन ।

• योजना कार्यान्वयनको लागि उपभोक्ता समिति र कार्यालयबीच अनुसूची २ बमोजिमको ढाँचामा सम्झौता गरेपनि ढाँचाअनुसारको सम्पूर्ण विवरण उल्लेख नगरी आंशिक र अपूर्ण विवरण भरी सम्झौता गरेको छैन ।

• कुनैपनि उपभोक्ता समितिसँग योजना कार्यान्वयनको लागि कार्यतालिका लिएको छैन ।

• उपभोक्ता समितिको गठन, परिचालन तथा व्यवस्थापनसम्बन्धी कार्यविधि, २०७५ को बुँदा नम्बर ९ अनुसार कार्यालयले आयोजना कार्य सम्पन्न अगाबै उपभोक्ता समितिका पदाधिकारीहरूलाई अभिमुखीकरण गर्नुपर्नेमा सो समेत गरेको छैन् ।

• उपभोक्ता समितिबाट जटिल प्रकृतिका कामहरू समेत भएको हुँदा यस्ता जटिल प्रकृतिका निर्माण कार्य उपभोक्ता समितिबाट गराउनु हुदैँन ।

• उपभोक्ता समितिले अनुसूची ३ बमोजिमको ढाँचामा आंशिक रूपमा सार्वजनिक परीक्षणको विवरण भरेको देखिन्छ भने अनुसूची ४ बमोजिमको ढाँचामा सार्वजनिक गर्नुपर्ने व्यवस्था रहे तापनि वास्तविक रूपमा सार्वजनिक भएको छ भन्ने आधार देखिएन । अनुगमन समितिवाट अनुगमन गरेकोमा अनुगमनबाट देखिएको व्यहोरा प्रतिवेदनमा उल्लेख गरेको छैन ।

• उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा त्यस्ता उपभोक्ता समितिको लगत राखि अन्य उपभोक्ता समितिमार्फत् निर्माण गर्ने कार्य भएको छैन ।

• उपभोक्ता समितिमार्फत् निर्माण सम्पन्न कुनै पनि आयोजना उपभोक्तालाई हस्तान्तरण भएको छैन र उपभोक्ता समितिले उक्त आयोजनाको स्वामित्व लिई मर्मत सम्भार गरेको देखिएन ।

• उपभोक्ता समितिमा रहेको पदाधिकारी एकाघरका भए नभएको सम्बन्धमा यकिन गर्न कार्यालयले तीन पुस्ते खुलाई विवरण अध्यावधिक गर्नुपर्नेमा गरेको छैन । जसले गर्दा एकाघरका व्यक्ति उपभोक्ता समितिमा भए नभएको यकिन हुन सकेन । रकम प्राप्त गर्नेको डोर हाजिर तथा अन्य खर्चको भरपाई गर्ने एवम् ढुवानी गर्ने व्यक्तिको पहिचान खुलेको कागजात स्पष्ट छैन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भर्पाई र खर्च प्रमाणीत गर्ने अन्य प्रमाण कागजात सार्वजनिक निकायमा पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपभोक्ता समितिमार्फत् कार्य गराउँदा प्राविधिक मूल्याङ्कन र बिल भरपाई सँलग्न गरेपनि प्राप्त बिलको सामानको परिमाण र मूल्याङ्कनको परिमाण एक आपसमा फरक पर्न गएको छ । लागत अनुमानको तोकिएको परिमाणमा सामान खरिद नहुँदा लागत अनुमानकै आधारमा मूल्याङ्कन गर्दा निर्माण कार्यको गुणस्तर हुदैँन । तसर्थ पालिकाले उपभोक्ता समितिलाई प्रशिक्षित समेत गराई यथार्थपरक बिल भरपाई पेस गर्न लगाउनुपर्दछ । घटी परिमाणको सामान खरिद गरेको अवस्थामा बढी मूल्याङ्कन गरी गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

• उपभोक्ता समितिलाई कुल बजेटको एक तिहाई रकम पेस्की प्रदान गर्ने गरेको छ । उपभोक्ता समितिलाई पेश्की प्रदान गर्दा सो पेस्की

जोखिममा रहने हुँदा पेस्की दिने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

८६ **उपभोक्ताले सब कन्ट्राक्टमा कार्य गराएको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१०) मा उपभोक्ता समिति वा लाभग्राहि समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सब-कन्ट्राक्टरबाट गराउन सक्ने व्यवस्था छ । कुनै कारणबस समितिले काम गर्न नसकेमा सो सम्बन्धमा आवश्यक जाँच गरी सो समिति वा समुदायसँग भएको सम्झौता तोडि बाँकी काम यस नियम र नियमावलीबमोजिम गराउनुपर्ने व्यवस्था छ । यस पालिकाअन्तर्गत सञ्चालित योजनामा उपभोक्ता समितिले सम्झौता गरेको रकमको अधिकांश वा सत प्रतिशत कार्य सब-कन्ट्राक्टरबाट गराएको छ । जसको लागि लागत अनुमानमा नै मेसिनको प्रयोग गर्ने गरी लागत अनुमान समेत तयार गरेको छ । पालिकाको खर्च भौचरको नमुना परीक्षण गर्दा देहायबमोजिम ८ योजनामा रू. ४५,४०,७७२.०० भुक्तानी गरिएकोमा सोमध्ये रू. ३९,८१,७८२.०० मेसिन प्रयोगबापत भुक्तानी भएको छ । यसरी लागत अनुमानको अधिकांश कार्य सब कन्ट्राक्टरबाट गराउँदा उपभोक्ता समितिबाट गराउनुभन्दा ठेक्कामार्फत् गराउँदा मितव्ययी र गुणस्तरीयता हुन जाने भएकोले आगामी दिनमा यस्ता मेसिन प्रयोग गरी हुने निर्माण कार्य ठेक्कामार्फत् गर्नु गराउनुपर्दछ ।

(विस्तृत विवरण बेरूजु दफा ८६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

८७ **लागत अनुमान र दर विश्लेषण**

सार्वजनिक खरिद नियमाबली २०६४ को नियम १० को उपनियम (१) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नियम ९ को अधीनमा रही तयार गर्नुपर्ने र उपनियम २ मा उक्त लागत अनुमान तयार गर्दा प्रयोग गरिने नर्म्ससम्बन्धी व्यवस्था रहको छ । गाउँपालिकाले सञ्चालन भएका योजनाहरूको लागि आफ्नै छुट्टै नर्म्स नभएकोले सडक विभाग र स्थानीय पूर्वाधार तथा विकास विभागको नर्म्स प्रयोग भएको छ । साथै केही योजनाहरूमा एक भन्दा बढी निकायको नर्म्स प्रयोग गरी अनुमान तयार गरेको देखियो । गाउँपालिकाले योजनागत रूपमा योजनाहरूको लागत अनुमान तयार गर्दा दर विश्लेषण समेत सम्बन्धित स्रेस्तासाथ राखेको पाइएन । गाउँपालिकाले स्थानीय स्रोत साधन, श्रमशक्ति तथा निर्माण सामग्रीको उपलब्धता समेत विश्लेषण गरी मितव्ययी हुने गरी प्रयोग गर्नुपर्दछ ।

८८ **योजना स्थान तथा चेनेजहरू नखुलाई नापीमा प्रविष्ट गर्ने कार्य गरेको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(३) मा उपनियम (२) बमोजिमको उपभोक्ता समितिबाट प्रस्ताव वा निवेदन प्राप्त भएपछि सम्बन्धित सार्वजनिक निकाय र त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायले आवश्यकताअनुसार छलफल, वार्ता वा निर्माण स्थलको भ्रमण गरी त्यस्तो काम वा सेवाका सम्बन्धमा खरिद सम्झौता गर्नुपर्ने र त्यस्तो सम्झौतामा नियमावलीमा व्यवस्था भएबमोजिम कार्य गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले उपभोक्ता समितिमार्फत कार्य गराउँदा योजना सञ्चालन हुने स्थान, चेनेजलगायतको विवरणसहित लागत अनुमानको तयारी, सम्झौता तथा निर्माण कार्यको नापी गरी कार्य गर्नुपर्नेमा एकमुष्ट रूपमा निर्माण कार्यको चेनेज नखुलाई नापी गरी गर्ने गरेको पाइयो । यसरी निर्माण कार्यको चेनेज नखुलाई कार्य गर्दा दोहोरो परिमाणमा हुने, गुणस्तरियता कायम नहुने जोखिम भएकोले स्पष्ट स्थान तथा चेनज तोकेर मात्र निर्माण कार्य गर्नुपर्दछ ।

८९ **आयोजना हस्तान्तरण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्यसम्पन्न भएपछि सार्वजनिक निकायले सो को रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । यो वर्ष उपभोक्ता समितिबाट सम्पन्न गरेका आयोजना नियमावलीको व्यवस्था बमोजिम हस्तान्तरण गरेको देखिएन । जसबाट सम्पन्न आयोजना मर्मत, रेखदेख तथा उचित संरक्षण हुन नसकी लगानी खेर जान सक्ने देखिन्छ । अतः सम्पन्न आयोजनाहरू नियमानुसार हस्तान्तरण गरी योजनाको संरक्षणमा उपभोक्ता समितिलाई जिम्मेवार बनाउनुपर्दछ ।

९० **उपभोक्ता समितिबाट भवन निर्माण कार्य**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी सिर्जना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत् गराउन सकिने उल्लेख छ। साथै, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिमार्फत् गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ । पालिकाले देहायका भवनहरू निर्माण कार्य पालिकाले उपभोक्ता समितिलाई दिएको छ । उपभोक्ता समितिसँग प्राविधिक क्षमता उपकरण उपलब्ध नहुने हुँदा यस्ता भवनलगायत जटिल कार्य गर्दा गुणस्तरियतामा कमी हुन सक्ने हुँदा पालिकाले यस्तो निर्माण कार्य उपभोक्ता समितिलाई दिनु उपयुक्त हुदैँन ।

भौचर र मिति	उपभोक्ता समिति	कामको विवरण	कुल सम्झौता रकम	कैफियत
२३१।३।२१	नाङ्गी देवी आमा समूह	समाजघर तथा शौचालय निर्माण	३१६६७०५	
२६७।२०८१।३।२४	जैसीखोर आमा समूह भवन	भवन निर्माण	४७४५८४	RCC र bricks को काम ढलान काम बाँकी
२८२।३।२४	भगवती २ नं. वडा कार्यालय सभाहल निर्माण उपभोक्ता समिति	भगवती २ नं वडा कार्यालय सभाहल निर्माण	३१६६६६७	
२६३।३।२४	वेगखोला वडा कार्यालय निर्माण उपभोक्ता समिति	वेगखोला वडा कार्यालय निर्माण	५२७७८८३।८८	

आगामी दिनमा यस्ता निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक रूपमा बोलपत्रको माध्यमबाट खरिद कार्य गर्नु गराउनुपर्दछ ।

९१ सामाजिक सुरक्षा

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन-२०७५, सामाजिक सुरक्षा नियमावली २०७६, विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता रणनीति-२०७४, सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को प्रावधान बमोजिम गर्नु पर्ने व्यवस्था छ । पालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागि यो वर्ष नेपाल सरकारबाट रू.११५३७३९४०।६६ प्राप्त भएकोमा कुल ८ वडामा ३१२४ जनालाई सामाजिक सुरक्षा भत्ता बापत सबै रकम खर्च देखाई आर्थिक विवरण पेस भएको छ । यस सम्बन्धमा देखिएको व्यहोराहरू निम्नानुसार छन:

अनुगमन तथा सुपरिवेक्षणः सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा २८ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङ्कन तथा सुपरीवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरी निर्देशिकाबमोजिम अनुगमन मुल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको छैन । अतः कार्यविधि अनुसारको कार्यहरू कार्यान्वियन गर्नुपर्दछ ।

सार्वजनिक सुनुवाईः सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा ३५ बमोजिम वडा समितिले प्रत्येक त्रैमासिकमा कम्तीमा एक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने उल्लेख छ । सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरूमध्ये आफूले सक्ने कुराहरू सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरू सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन । सुनवाई नगरी लाभग्राही सुचीअनुसार भत्ता वितरण गरेको छ । कार्यविधिले तोकेको समयमा सार्वजनिक सुनुवाई गर्नुपर्दछ ।

अनुगमनः सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा ९ मा सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न नियमित रूपमा अनुगमनको व्यवस्था गरेको छ । सो बमोजिम पालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुविधा लिने व्यक्तिले भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन । सामाजिक सुरक्षा भत्ताको दुरुपयोग हुन नदिन पालिकास्तरीय अनुगमन संयन्त्रलाई प्रभावकारी बनाउँदै तोकिएबमोजिम भत्ता वितरण र लगत अद्यावधिक गर्ने कार्यमा विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

पारदर्शिता र जवाफदेहिताः सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा ३३ अनुसार स्थानीय तहहरूको कार्यालयले सामाजिक सुरक्षा भत्तासम्वन्धी जानकारी (लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैङ्क र लाभग्राहीले पूरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक संस्था, गैरसरकारी सस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरूको सहयोग लिएर अनिवार्य रूपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्वन्धि सूचना स्थानीय एफ. एम. लगायतका संचार माध्यमहरूबाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूको नाम नामेसी सम्बन्धित स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा सो पालना गरेको पाइएन । यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि यकिन हुने अवस्था देखिएन ।

लगत कट्टाः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं ११ मा ऐनको दफा १९ बमोजिम सम्बन्धित स्थानीय तहको अभिलेखबाट हटाउनुपर्ने लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराई प्रणालीबाट लगत कट्टा गरी स्थानीय तहको मूल अभिलेखमा समेत जनाउनुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा पेस भएको लाभग्राहीको लगत कट्टाको विवरणमा तोकिएको प्रकृया पूरा गरी लगत कट्टा गरेको सम्बन्धमा आश्वस्त हुन सकिएन ।

वडा संख्या	लगत कट्टा भएको संख्या
१ देखि ८ सम्म	११९

निष्क्रिय खाताः सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ अनुसूची ७ र ८ अनुसूची मा सामाजिक सुरक्षा विशेष बचत खाता सञ्चालन गर्ने बैङ्क तथा वित्तिय संस्थाले यस प्रकारका खाताहरूमध्ये निष्क्रिय (Dormant खाताको विवरण केन्द्रीय पञ्जीकरण विभागलाई दिनुपर्ने साथै अनुसूची ८ को बुदाँ नं. १० मा बैङ्कले निष्क्रिय (Dormant खाताको विवरण सम्वन्धित स्थानीय तहलाई दिनुपर्ने व्यवस्था छ । बैङ्कले गाउँपालिकाको सामाजिक सुरक्षा वितरण गर्दा Dormant खाताको विवरण गाउँपालिकालाई दिएको पाइएन । यसले गर्दा फिर्ता हुनुपर्ने रकम फिर्ता भए नभएको यकिन गर्ने सकिएन । कार्यविधिमा भएको व्यवस्था अनुसार गाउँपालिकाले उक्त बैङ्कसँग Dormant खाताको विवरण मागि कार्यविधिमा भएको व्यवस्था पालना गर्नुपर्दछ ।

हिसाब फरफारखः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ४ को बुँदा नं. १४ मा स्थानीय तहले प्रविष्ट गरेको एम.आई.एस. लगतको आधारमा सामाजिक सुरक्षा भत्ता रकम निकासा पाउने र परिच्छेद ५ को बुँदा नं. २१ मा भत्ता रकम बैङ्कमार्फत् वितरण गर्नुपर्ने व्यवस्था छ। सोही कार्यविधिको अनुसुची १० को सर्त नं. ६ र ७ मा तोकिएको ढाँचामा बैङ्कले लाभग्राहीको खातामा भत्ता वितरण गरेको विवरण खुल्ने रिभर्स फिड पालिकालाई उपलब्ध गराउनुपर्ने समेत व्यवस्था रहेकोमा पालिकाले अद्यावधिक रिभर्स फिड लिई निकासा भिडान गरी हिसाब फरफारख गरेको देखिएन । यस सम्बन्धमा पालिकाले बैङ्कसंग अद्यावधिक विवरण माग गरी निकासा दिएको भत्ता रकम वितरण भए नभएको सम्बन्धमा सुनिश्चित गर्नुपर्दछ ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : रघुगंगा गाउँपालिका, म्याग्दी , रघुगंगा गाउँपालिका , म्याग्दी

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	कृष्ण प्रसाद ढकाल	२०७९-५-२८	२०८०-११-२४
कार्यालय प्रमुख	चेतनारायण भण्डारी	२०८०-११-२७	हाल सम्म कार्यरत
लेखा प्रमुख	Khagaraj Subedi	२०७६-८-२९	२०८०-१०-२६
लेखा प्रमुख	अर्जुन गौतम	२०८०-११-१३	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
१८६,४९५	९०,४९०	४८०,०००	०	०	१,५००,०००
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					२,२५६,९८५
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.					०
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					२,२५६,९८५

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		७६५५४९३८.५९	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	२७२५४१८२१.३८	चालु खर्च	४१६४९५१००.२२
प्रदेश सरकारबाट अनुदान	१११७५४५०	पूँजीगत खर्च	९४५५५८११.२३
राजश्व बाँडफाँट	८२७७५७३२.०२	वित्तीय/अन्य व्यवस्था	११४७४९५८.१६
आन्तरिक आय	११३६१७३२.४		
अन्य आय	१३३७६५६३८.१२		
कुल आय	५११६२०३७३.९२	कुल खर्च	५२२५२५८६९.६१
बाँकी मौज्दात		६५६४९४४२.९	

बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)								
क्र.स./ आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व अनुदान र अन्य प्राप्ति							
११०००	कर		८४८७२०२९.६७	०	८४८७२०२९.६७	८२३४४७२०.७४	०	८२३४४७२०.७४
१३०००	अनुदान		२८३७१७२७१.३८	०	२८३७१७२७१.३८	३१७४६७५५२.७	०	३१७४६७५५२.७
१४०००	अन्य राजस्व		९२९६१६८.५७	०	९२९६१६८.५७	११९६८२७४.२९	०	११९६८२७४.२९
क	कुल जम्मा प्राप्ति		३७७८८५४६९.६२		३७७८८५४६९.६२	४११७८०५४७.७३		४११७८०५४७.७३
३	चालु		२९८४८११३४.५६	०	२९८४८११३४.५६	२९६७३८९००.७	०	२९६७३८९००.७
२१०००	पारिश्रमिक / सुविधा		२१४६७०३१८.६५	०	२१४६७०३१८.६५	२११३१४५३५.३२	०	२११३१४५३५.३२
२२०००	मालसामान तथा सेवाको उपयोग		५३८८५०२२.०७	०	५३८८५०२२.०७	५३७३२४९८.१३	०	५३७३२४९८.१३
२५०००	सहायता (Subsidy)		१४५५९२८४.७२	०	१४५५९२८४.७२	१७७५३०९९.५	०	१७७५३०९९.५
२७०००	सामाजिक सुरक्षा		१३५६५६६२.१२	०	१३५६५६६२.१२	१२०४६२१७.७५	०	१२०४६२१७.७५
२८०००	अन्य खर्च		१८००८४७.	०	१८००८४७.	१८९२५५०.	०	१८९२५५०.
४	पूंजीगत		९४५५५८११.२३	०	९४५५५८११.२३	१२७८३६७०४.०३	०	१२७८३६७०४.०३
३१११०	भवन तथा संरचना		३५६३००५४.१२	०	३५६३००५४.१२	३९३८८४४२.६८	०	३९३८८४४२.६८
३११२०	सवारी साधन मेशिनरी औजार फर्निचर्स तथा फिक्चर्स		५७३०४३६.	०	५७३०४३६.	९७९०३९१.	०	९७९०३९१.
३११३०	अन्य पूँजीगत खर्च		४३९८९५७.	०	४३९८९५७.	२९०२५४३.	०	२९०२५४३.
३११४०	सुरक्षा उपकरण		०	०	०	९२,९९९.००	०	९२,९९९.००
३११५०	सार्वजनिक निर्माण		४५००९३९३.११	०	४५००९३९३.११	७०८५९४००.३५	०	७०८५९४००.३५
३११६०	निर्मितसरचनाको		१४२९१२९.	०	१४२९१२९.	३५०६७०५.	०	३५०६७०५.

	सुधार खर्च							
३११७०	पूँजीगत सुधार खर्च		२३५७८४२.	०	२३५७८४२.	१२९६२२३.	०	१२९६२२३.
ख)	कुल जम्मा भुक्तानी		३९३०३६९४५.७९		३९३०३६९४५.७९	४२४५७५६०४.७३		४२४५७५६०४.७३
ग)	बचत /कमी (ग = क-ख)		-१५१५१४७६.१७		-१५१५१४७६.१७	-१२७९५०५७.		-१२७९५०५७.
घ)	धरौटी आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)		४१६७४८०.४८		४१६७४८०.४८	१०३८९७१४.४७		१०३८९७१४.४७
घ.१)	कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी					५.३४		५.३४
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)		-१०९८३९९५.६९		-१०९८३९९५.६९	-२४०५३४२.५३		-२४०५३४२.५३
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात		७६५५४९३८.५९		७६५५४९३८.५९	७८९६०२८१.१२		७८९६०२८१.१२
छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन							
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)		६५५७०९४२.९		६५५७०९४२.९	७६५५४९३८.५९		७६५५४९३८.५९

बेरूजु दफा ४३ सँग सम्बन्धित विवरण - अनुसूची -४

पालिका र वडागतरूपमा आन्तरिक राजस्व सङ्कलनको विवरण		
क्र.सं.	पालिका/ वडा कार्यालय	संकलित राजस्व रू.
१	गाउँपालिकाको कार्यालय	१९२३३०२.८७
२	वडा नं. १ को कार्यालय	६९४८७१.९८
३	वडा नं. २ को कार्यालय	१०८९७७९.८०
४	वडा नं. ३ को कार्यालय	९२४४८४.०५
५	वडा नं. ४ को कार्यालय	४७५०५१.००
६	वडा नं. ५ को कार्यालय	४४०५१३.००
७	वडा नं. ६ को कार्यालय	६११३४९.७६
८	वडा नं. ७ को कार्यालय	४६९५८०.५०
९	वडा नं. ८ को कार्यालय	४८०५८५.००
जम्मा रू.		७१०९५१७.९६

बेरूजु दफा ५२ सँग सम्बन्धित विवरण - अनुसूची -५

क्र.सं.	कार्यक्रमको विवरण	खर्च रकम (रू. हजारमा)
१	वडा नं. ६ र ७ मा इन्टरनेट विस्तार	७५३
२	उपाध्यक्ष गर्भवती महिला पोषण कार्यक्रम	२८९
३	उपाध्यक्ष महिला सशक्तीकरण कार्यक्रम	६९४
४	उपाध्यक्ष न्यानो माया	९२४
	जम्मा	२६६०

बेरूजु दफा ६२ सँग सम्बन्धित विवरण - अनुसूची -६

आ.व. २०७४/०७५ देखि आ.व. २०७९।८० सम्म रघुगंगा गाउँपालिकाले तयार गरेको डिपिआर विवरण								
क्र.सं	मिति	दाखिला नं/ हस्तान्तरण नं	स्पेसिफिकेसन	सामानको पहिचान नं	परिमाण	प्रति एकाइको दर (अन्य खर्चको समेतका आधारमा)	जम्मा परल मूल्य	कैफियत
१	२०७५/०७६	DPR	झीं पाखापानी सडक	अल्या भएको	1	324800	324800	
२	०२/१०/२०७७	DPR	भगवती बेग बाँदुक तिप्ल्याङ सडक	अल्या भएको	1	602685	602685	
३	१७/०१/२०७७	D'६९७	मैदान थापाटोल सिजाल गाउ रूइसे नौलि बराहा देउराली मेन रोड	६११३४१४००२	१	२८४,१००.००	२८४,१००.००	भ्याट बाहेक
४	०८/०१/२०७८	D'१४९	High Altitude Playground,Jhin Todke	६११३४१४००२	१	८४०,७००.००	८४०,७००.००	
५	१७/०१/२०७८	D'९५	खेलमैदान भगबती	६११३४१४००२	१	३९५,५००.००	३९५,५००.००	भ्याट सहित
६	१७/०१/२०७८	D'९४	गलेश्वर रूइसे धौलागिरी आइसफल	६११३४१४००२	१	७४१,५००.००	७४१,५००.००	भ्याट बाहेक
७	२०७८/२/३१	D'२०३	Geophysical investigation for the investigation of potential of groundwater in various part of raghuganga Rural Municipality Mauwaphant, Myagdi district	६११३४१४००२	१	१,०५०,०००.००	१,०५०,०००.००	
८	१७/०३/२०७८	D'२०२	Multi Dimensional model village	६११३४१४००२	१	१,२२३,०००.००	१,२२३,०००.००	
९	२२/०३/२०७८	D'२१०	पाखापानी रायखोर घ्यासीखर्क मोटरबाटो निर्माण गर्नका लागि विस्तृत परियोजना प्रतिवेदन	६११३४१४००२	१	३९७,२५२.६९	३९७,२५२.६९	
१०	२४/०३/२०७८	D'२१७	Preparation of DPR for Construction of Swargadwari Mandir and View Tower	६११३४१४००२	१	४३९,०००.००	४३९,०००.००	
११	२४/०३/२०७८	D'२२२	Detailed cost estimate of consulting service for DPR preparation of Jhin -Todke Malika Temple -Rikhar Temple-Dhaulagiri Icefall Footpath	६११३४१४००२	१	६१९,५००.००	६१९,५००.००	
१२	३०/०३/२०७८	D'२६७	The Preparation of Detailed Project Report for Establishment of Industrial Village Of Raghuganga Rural Municipality	६११३४१४००२	१	१,०१७,७००.००	१,०१७,७००.००	
१३	१६/११/२०७८	D'५५	इश्वरानन्द ध्यानाश्रम विस्तृत आयोजना प्रतिवेदन तयारी	६११३४१४००२	१	४३६,८००.००	४३६,८००.००	
१४	२९/१२/२०७८	D'७६	Prepartion of Depiled prgect Report (DPR) for construction of Tul Bahadur V.C memorial museum	६११३४१४००२	१	४२९,०००.००	४२९,०००.००	
१५	२९/१२/२०७८	D'७५	Preparation of detailed project Report (DPR) For construction of light Irrigation Project in ward No 2 Raghuganga Rural Municipality	६११३४१४००२	१	६५३,५००.००	६५३,५००.००	
१६	२९/१२/२०७८	D'७७	Prepa-tion of Detaled project Report(DPR) for construction of Cold store af Raghuganga Rural Municipality	६११३४१४००२	१	३९८,२००.००	३९८,२००.००	
१७	१५/०३/२०७९	D'१५४	Consulting Service for Preparation of Rural Municipality Transport Mateo Plan	६११३४१४००२	१	५७४,७५०.००	५७४,७५०.००	RMTMP
१८	१७/११/२०७९	D'७०	Consulting Service for Dpr preparation of ward office building at ward no.5 at jhin at raghuganga rural municipality	६११३४१४००२	१	३५६,१००.००	३५६,१००.००	
१९	२३/०३/२०८०	D'१९१	initiel enviormential exmination ieethe exavation and collation of stone gravel and sand =rivar matrial in asustinable and envirnomatriallly finnely manner fromthe propesed area of raghuganga .begkhola and kaligandaki river under raghuganga ga pa	६११३४१४००२	१	१७३,०००.००	१७३,०००.००	

२०	२३/०३/२०८०	D'१८९	detail enginiyring srvey soail mvestigation detail disine cost estination and report of kalabang thadakani moterable bridge	६११३४१४००२	१	७९१,०००.००	७९१,०००.००	
२१	२४/०३/२०८०	D'१९०	Detail survey design and statement of suspension bridge connetting ranipuwa raghuganga ga pa 3 and baskharka jaljala 1	६११३४१४००२	१	३३१,०००.००	३३१,०००.००	
२२	२८/०३/२०७८	D'२५२	विपत प्रतिकार्य योजना	६११३४१४००१	१००	५४,०००.००	५४,०००.००	
जम्मा रू.							12133087.7	

बेरूजु दफा ७४ सँग सम्बन्धित विवरण - अनुसूची -७

क्र.सं.	योजनाको नाम	वडा नं.	श्रमिक संख्या	जम्मा कार्य दिन	लागत अनुमान	खुद गरेको कार्य	रकम
१	देउरालि सिम गोरेटो बाटो निर्माण योजना	१	११	२८४	२००२३८	२०००००	१९९९३६
२	देउरालि सिम गोरेटो बाटो मर्मत संभार योजना	१	५	५००	३५२०३३	३५२०००	३५२०००
३	बादुक तिप्ल्याङ्ग गोरेटो बाटो निर्माण योजना	१	४	२८४	२०००२३	२०००००	१९९९३६
४	भगवतीका विभिन्न मोटर बाटोहरू सोलिङ्ग तथा गोरेटो बाटो निर्माण	२	१०	५९०	४१५७००	४१५०००	४१५०००
५	मुक्तिधाम मा वि जोड्ने सडक मर्मत संभार योजना	२	६	६००	४२२७२७	४२२४००	४२२४००
६	अर्गला स्वामिवोट गोरेटो बाटो निर्माण योजना	३	७	४२६	३०००००	३०००००	३०००००
७	रानिपौवा गोरेटो बाटो निर्माण योजना	३	३	१६४	११५०००	११५०००	११५०००
८	कलेजवाङन चिप्लेटी धारापानी गोरेटो बाटो मर्मत सम्भार	३	६	६००	४२२४००	४२२४००	४२२४००
९	दग्नाम गोरेटो बाटो निर्माण योजना	४	८	४२६	३०००३०	३०००००	३०००००
१०	झि गाँउ गोरेटो बाटो मर्मत संभार	५	५	५००	३५२२३८	३५२०००	३५२०००
११	फुलडाँडा मचिन्गा आर्यघाट गोरेटो बाटो मर्मत योजना	५	४	४००	२८१७८६	२८१६००	२८१६००
१२	झि गाँउ गोरेटो बाटो निर्माण योजना	५	११	४९७	३५००३८	३५०५०७	३४९८८८
१३	खोलापारी ओडारे गोरेटो बाटो निर्माण योजना	५	१३	४२७	३०००१८	३०००००	३०००००
१४	उल्लेरी गोरेटो बाटो मर्मत संभार योजना	६	४	३९९	२८१३२१	२८१०००	२८१०००
१५	वडा नं ७ पदमार्ग मर्मत संभार	७	६	६००	४२२७७६	४२२४००	४२२४००
१६	१८९ गाउँ पदमार्ग मर्मत योजना	७	६	५६२	४०००८०	३९५२९६	३९५२९६
१७	ढुवाडी गोरेटो बाटो तथा ग्याविन जालि निर्माण योजना	८	११	४२६	३००३६८	२९९९०४	२९९९०४
१८	फेदि देखि धार सम्मको गोरेटो बाटो निर्माण योजना	८	४	४००	२८१९८४	२८१६००	२८१६००
जम्मा			१२४	८०८५	५६९८७६०	५६९११०७	५६९०३६०

बेरूजु दफा ८२ सँग सम्बन्धित विवरण - अनुसूची -८

क्र.सं.	बउशीन	भौ न	योजनाको नाम	खर्च भएको रू.	खर्चको आधारमा कट्टा हुनुपर्ने (२ प्रतिशत) कन्टिन्जेन्सी रू.	बढी खर्च भएको रू.
१	पालिका पूँजीगत	२५४- ०८१।३।२२	पाखापानी रायखोर घ्यासीखर्क सडक निर्माण, वडा नं. ६	११३५६५	१३३५७२	४६४०४
२		२५६- ०८१।३।२३		६६४११		
३		२८०।२०८१।३।२	कुकुरभुक्ने बेलीब्रिज निर्माण	६५०००	४२०५०	३६५९९
		२८९।२०८१।३।२४		१३६४९		
जम्मा						

बेरूजु दफा ८४ सँग सम्बन्धित विवरण - अनुसूची -९

भौचर र मिति	विवरण	फर्मको नाम	रकम
१४।८।२८	फर्निचर आइट	भैरव ट्रेड एण्ड सप्लायर्स	५४२२८७
१३३।२।२	फर्निचर आइटम	एस आर एम ट्रेड एण्ड सप्लायर्स	३९१८०४
		सिटिजन फर्निचर	७१९५१५
१६।८।२८	फर्निचर आइटम	ए टु जेड फर्निचर शोरुम	१२२८४३
१५।८।२८	कम्प्युटरजन्य सामग्री	कस्मिक कम्प्युटिङ्ग सलुसन्स	२७४०००
५६।११।२३	कम्प्युटरजन्य सामग्री	कस्मिक कम्प्युटिङ्ग सलुसन्स	१५४०००
१०२।१।७	कम्प्युटरजन्य सामग्री	कस्मिक कम्प्युटिङ्ग सलुसन्स	४१००००
जम्मा रू.			२६१४४४९

बेरूजु दफा ८६ सँग सम्बन्धित विवरण - अनुसूची -१०

क्र.सं.	भौचर र मिति	उपभोक्ता समितिको नाम	मूल्याङ्कन रू.	भुक्तानी रकम रू.	फर्मको नाम	हेभी मेसिनलाई भुक्तानी रू.
१	६।८।२०	सडक मर्मत योजना उपभोक्ता समिति वडा नं १	४३७७९०।६२	३९२०००	रघुगंगा कन्ट्रक्सन प्रा.लि.	२९९९९८
					रुइसे देउराली निर्माण प्रा.लि.	१३७४९२
२	१३।८।२७	सडक मर्मत उपभोक्ता समिति वडा नं ५	४४६६८८।२६	४०१६००	सम्मान कन्स्ट्रक्शन प्रा.लि.	२४६३००
३	२१।९।२५	मोटरवाटो निर्माण उस वडा नं ३	६५३३३३।३३	५७३६३७	मेगावान कन्ट्रक्सन प्रा.लि.	२२१११०
४	२९।१०।९	सडक मर्मत योजना वडा नं ६	५४४७२२।८९	४९००००	सम्मान कन्स्ट्रक्शन प्रा.लि.	५४६०००
५	३२।१०।२१	ठाडीखोरिया मोटरबाटो निर्माण उपभोक्ता समिति	४८५९५७।१३	४३७०००	रघुगंगा कन्ट्रक्सन प्रा.लि.	३०८९००
					कालिगण्डकी सप्लायर्स प्रा.लि. (डिजेल)	१७८१९९
६	५१।११।१६	कुइनेमंगले मोटरबाटो मर्मत उस	५४६७४५	४९००००	रुइसे देउराली निर्माण सेवा प्रा.लि.	२७४९८५
					कालिगण्डकी सप्लायर्स प्रा.लि. (डिजेल)	२९०७१९
७	६१।११।२६	ठाडाखानी मालिका सडक निर्माण उस	११७८०००	११७६०३२	सम्मान कन्ट्रक्सन प्रा.लि.	११९२१८९
८	१५२।२।२०	हुमे डाँडा कुइने मोटरबाटो स्तरोन्नती	५५६८१४	५८०५०३	सम्मान कन्ट्रक्सन प्रा.लि.	२८५८९०
जम्मा रू.				४५४०७७२		३९८१७८२

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- पालिकाले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।

- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।